# परिच्छेद -एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि :

भौतिक व्यवस्थापन भन्नाले विद्यालय भवन, खानेपानी, शौचालय, कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला आदिको व्यवस्थापन भन्ने बुझ्नु पर्दछ । यसरी अध्ययन गर्दा विभिन्न विद्वानहरुले प्रस्तुत गरेका व्यवस्थापनसँग सम्बन्धि मुख्य अवधारणमा भने एकरुपता रहेको पाइन्छ ।

मानव सभ्यताको थालनीसँगै व्यवस्थापनको पनि सुरुवात भएको पाइन्छ । प्राचिनकालमा रोम र इजिप्टको विकासमा व्यवस्थापनको महत्वपूर्ण योगदान रहेको देखिन्छ । सैनिक प्रशासनमा समन्वय ल्याउन अलेक्जेण्डरले कर्मचारी सङ्गठनको ढाँचा प्रयोगमा ल्याएको पाइन्छ भने प्लेटो र सुकरात जस्ता दार्शनिकहरुले कार्य विशिष्टिकरण र व्यवस्थापन प्रयोग गरेको पाइन्छ । सामान्यता अपेक्षित लक्ष्य र उदेश्यहरु प्राप्त गर्नका लागि सीमित स्रोतहरुको व्यवस्थापन गर्नु पर्दछ । त्यस्ता स्रोतहरु अर्न्तगत भौतिक, आर्थिक, मानवीयसुचनाका स्रोतहरु पर्दछन् । त्यसैले उपलब्ध सबै स्रोत र साधनहरुलाई संघ-सस्थाको लक्ष्य तथा उदेश्य अनुरुप अधिकतम उपलब्धि हासिल हुने गरी सही प्रयोग र परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ ( कोइराला र श्रेष्ठ, २०५९) ।

शिक्षा देश विकासको पूर्वाधार हो । समय सापेक्ष गुणस्तरीय शिक्षाको प्रभाकारी प्रयोगले देशको आर्थिक र सामाजिक विकास भई मानिसको जीवनस्तरमा सुधार ल्याउन सकिन्छ । शिक्षा प्रदान गर्न सकिने विभिन्न आधारहरुमा संस्थागत आधार नै औपचारिक शिक्षा पनि एक हो । जसलाई विश्वभरी नै व्यापक रुपमा प्रचलनमा ल्याएको पाइन्छ । उचित शिक्षाले सामाजिक परिवर्तमा सकारात्मक भूमिका खेल्दछ । तसर्थ शैक्षिक सस्थाहरुको वर्तमान प्रभावकारिताले समाजको समेत प्रतिनिधित्व गरिरहेको हुन्छ । उचित शिक्षाले योग्यता निर्धारण गर्दछ । योग्य नागरिकसमाज र राष्ट्रको हितका लागि पर्याप्त मात्रामा योगदान दिन सक्तछन ।यस सन्दर्भमा शिक्षा कुनै पनि राष्ट्रको मेरुदण्ड मानिन्छ (शर्मा , २०५७)।

शिक्षण ज्यादैं जटिल र चुनौतिपूर्ण कार्य हो । त्यसैले शिक्षकहरुमा उचित ज्ञान, शिक्षण, कौशल, शिक्षण सामग्रीहरुको निर्माण र प्रयोग गर्ने क्षमता, अध्ययनशिलता, नयाँ नयाँ प्रविधिहरुको प्रयोग गर्ने क्षमता हुनु जरुरी छ । तर यतिमै सीमित भएर पुग्दैन , सहिष्णुता, धैर्य, परिश्रम गर्ने वानी र सेवाको भावना समेत हुनु पर्दछ । शैक्षिक सामग्रीको प्रयोगले विद्यार्थीहरुले व्यवहारिक शिक्षा हासिल गर्दछन । राष्ट्रिय शिक्षा पद्धितिको कार्यान्वयनवाट विद्यालयमा विद्यार्थीहरुलाई घोकाउने प्रवृति विस्तारै हट्दै गएको भएतापनि शैक्षिक सामग्री उपलब्ध गराउन जोड दिइएको हो । यसको प्रयोगवाट शैक्षिक क्रियाकलापयुक्त अध्यापन व्यवहारमा आएको छ । शिक्षकले कक्षामा अनुकुल वातावरण सृजना गरी अध्यापन कार्य सफल पार्न विषय अनुसारका शैक्षिक सामग्री प्रयोग गर्न अति आवश्यक छ (सेरिड, २०६०)

शैक्षिक सामग्रीको आवश्यकतालाई कमेनियस,रुसो, फ्रोवेल, पेस्तालोजे जस्ता विद्वानहरुले निक्कै जोड दिएका छन् । आज विज्ञान र प्रविधिको विकास भइसकेको विश्वमा शिक्षण सिकाई कार्यमा विना शैक्षिक सामग्रीको शिक्षण विनाको अचार सावित हुन्छ । यस कुराबाट पनि शैक्षिक सामग्रीको महत्व प्रष्ट हुन्छ । यसरी शिक्षण सिकाई कार्यलाई अर्थपूर्ण र उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीहरुले सहयोग पुऱ्याउदछ । म सुन्छु, म विर्सन्छु, म देख्छु, म सम्झन्छु, म गर्छु, म जान्दछु भन्ने कुराले पनि शैक्षिक सामग्रीहरुलाई नै बढी जोड दिएको पाइन्छ । विद्यार्थी मूल्यांन कार्य र सारांश दिन पनि शैक्षिक सामग्रीहरुको उपयोग गर्नुपर्ने हुन्छ । कागज, कलम, परीक्षा पद्धतिको अलवा नियमित र निरन्तर मूल्यांकन पद्धतिलाई जोड दिन पनि शैक्षिक सामग्रीहरुको उपयोग गर्नुपर्दछ । शैक्षिक सामग्रीहरुको माध्यमद्वारा व्यवहारिक शिक्षा हासिल गर्दछन् (न्याउरे,२०६८) ।

शिक्षा सम्वन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन २०५५ अनुसार शिक्षाको गुणस्तर अझ पनि उकास्न नसक्नु विभिन्न कारक तत्वहरु मध्ये योग्य, सक्षम, तालिम प्राप्त र कामप्रति झुकाव भएका शिक्षकहरुको कमि हुनु पनि एक हो । आफूले सिकेका सीप, जानेका कुराहरु, फ्यालससकार्ड, फलाटिन बोर्ड जिओ वोर्ड, पाकेट चार्ट, गोजी पात्रो आदि सामाग्री प्रयोग

गरेर शिक्षण गरेमा शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी हुन जानेमा दुईमत छैन । शैक्षिक सामग्रीको प्रयोग उति प्रयोग हुन सक्नुपर्दछ । यदि त्यस्तो नभएमा त्यसको केही उपलब्धि हुन सक्दैन ।

सामग्री रमाइलो मात्र नभई बालबालिकाहरुमा जिज्ञासा उत्पन्न गराउने र खोजी गर्ने बानी बसाल्ने हुनुपर्दछ भन्ने माध्यमिक शिक्षा २०४९ को जुन उदेश्य छ, सामग्री त्यसैप्रकारको हुनु पर्दछ ।शैक्षिक सामग्रीको प्रयोगवाट पाठको धारणाा स्पष्ट पार्न सकिन्छ ।एउटा उपयुक्त चित्रले हजारौ शब्दको ज्ञान गराइराखेको हुन्छ ।

शैक्षिक सामग्रीको छनौटका विभिन्न आधार र सिद्धान्त छन् । जस्तै तयारी सिद्धान्त, छनौट सिद्धान्त, नियन्त्रण सिद्धान्त, सदुपयोग र प्रस्तुतिको सिद्धान्त, प्रतिक्रिया र मूल्याङ्कनको सिद्धान्तमा आधारित हुनुपर्दछ। खासगरी शैक्षिक सामग्रीलाई चार भागमा विभाजन गरिएको छ :

क) मुद्रित सामग्री

ख) दृष्य सामग्री

ग) श्रव्य सामग्री

घ) श्रव्य-दृष्य सामग्री

शैक्षिक समग्रीको मुद्रित सामग्री अन्तरगत पुस्तक, पत्रिका, शिक्षक निर्देशिका,पाठ्यक्रम, विषय विस्तृतीकरण,कक्षा नोट, इमेल, पर्दछन् । दृष्य सामग्री अर्न्तगत नक्सा, ग्लोव, चार्ट, मोडल ग्राफ, चित्र, इन्टरनेट, कालो पाटी, फ्लाटिन वोर्ड, आदि पर्दछन् । श्रब्य सामग्री अन्तरगत रेडियो, टेपरेकर्ड, फोनोग्राफ, डिस्क पर्दछन् । श्रव्य-दृश्य सामग्री अन्तरगत नाटक, सिनेमा, टि.भी.,भिडियो आदि पर्दछन् (शर्मा एण्ड शर्मा, २०६९)।

शिक्षा राष्ट्रको हरेक उन्नतिको मुहान हो । राष्ट्रको सर्वाङ्गिण विकासको लागि शिक्षा अपरिहार्य आवश्यकता हो । राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक एवं राजनैतिक विकासको लागि आवश्यक पर्ने जनशक्ति शिक्षाले नै प्रदान गर्दछ । शिक्षालाई जीवनको अनिवार्य आवश्यकता मानिएकोले मानव इतिहासका विभिन्न चरणमा यसबारे विचार विमर्श हुँदै आएको छ । समयको अन्तराल र आवश्यकताको पहिचान परिणाम शिक्षालाई

समय सान्दर्भिक बनाउन, शिक्षाको विषय र माध्यमको छनौटमा फेरबदल भएको पाइन्छ । यसको पद्धति र प्रक्रियमा आवश्यक परिवर्तन गरिएको छ । शिक्षाको सम्वन्धमा विभिन्न विद्धानहरुले फरक-फरक विचारहरु दिएतापनि मानिसमा भएका अन्तरनिहीत प्रतिभा र क्षमताहरुको विकासगरी एउटा सक्षम र योग्य व्यक्ति बनाउने प्रक्रिया नै शिक्षा हो भन्ने कुरामा सबैको सहमति देखिन्छ । जीवन पर्यन्त चलिरहेको सिकाई प्रक्रिया नै शिक्षा हो । जसले मानिसको सर्वाङ्गिण विकासलाई सम्भव बनाउँछ र समाजमा योग्य र सक्षम व्यक्तिको भूमिका निर्वाह गर्दछ । विद्यालय भित्र वा विद्यालय बाहिर जीवनको हरसमय हरक्षेत्रमा शिक्षा प्राप्त गर्न सकिन्छ । अतः कुनै पनि अवस्थामा विकास ज्ञान र सीप आर्जन गर्नु असल स्वभावको निर्माण गर्नु तथा समाजमा मिलेर बस्न सक्ने क्षमताको विकास गर्नु नै शिक्षा हो (उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन : २०५५) ।

नेपालमा शिक्षाको विकास विभिन्न समयमा विभिन्न प्रकारले भएको पाइन्छ । नेपालमा पनि शिक्षाको शुरुवात प्राचिन समयवाट नै भएको देखिन्छ । मानिसको श्रृष्टि सँगसगै शिक्षाको पनि शुरुवात भएको पाइन्छ । मानव सभ्यताको विकास सँगसगै शिक्षाको पनि विकास हुँदै आजको अवस्था सम्म आइपुगेको छ । प्राचीनयुगीन नेपाली समाजमा घर परिवार समाज नै विद्यालयको भूमिका निर्वाह गर्ने निकाय थियो । घर परिवारमा बाबुले छोरालाई र आमाले छोरीलाई आफ्ना आफ्ना ज्ञान र सीप अनुसारको शिक्षा दिने गर्दथे । समाजको प्रचलित रीतिरिवाज,चालचलन, रहनसहन, प्रथा परम्परा र धार्मिक तथा सामाजिक मूल्य र मान्यताका आधारमा घरमा नै शिक्षा दिइन्थ्यो । यसरी हेर्दा प्राचिन नेपालमा एक पिंढीबाट अर्को पिंढीमा आफ्ना आफ्ना संस्कारहरु हस्तान्तरण गर्ने शिक्षा प्रणालीको व्यवस्था थियो (अधिकारी :२०६०) ।

नेपालमा प्राचिन समय देखि वैदिक शिक्षा र बौद्धशिक्षा प्रणलीको पनि विकास हुँदै आएको पाइन्छ । यसै समय देखि विभिन्न धार्मिक अनुष्ठानहरु, मठ मन्दिरहरु र गुम्बा तथा विहारमा पनि शिक्षाको सुरुवात भएको देखिन्छ । यसैताकादेखि नेपालमा वर्णाश्रम व्यवस्थाको सुरुवात भई गुरुपुरोहितहरु

शिक्षा दिने काममा लागेको पाइन्छ । यसबेला गुरुकुल, राजकुल, देवकुल, पितृकुल शिक्षा प्रणाली चलेको पाइन्छ । श्री रामले गुरु वशिष्ठवाट, कौरव र पाण्डवले महर्षि द्रोणबाट शिक्षा प्रप्त गरेको आधारमा यस समयमा गुरुकुल शिक्षा प्रणाली निकै लोकप्रिय थियो भन्न सकिन्छ । लिच्छविकाललाई नेपाली इतिहासको स्वर्णकाल मानिन्छ । यस समयमा पनि नेपालमा नेपालीकला, संस्कृति र शिक्षाको विकास राम्रो भएको पाइन्छ । यस समयमा शिक्षा हेर्ने संस्थालाई अग्रहार भनिन्थ्यो । अंशुवर्माले शिक्षा आर्जनका लागि शैव, वैष्णव र बौद्ध सम्प्रदायको विभाजन गरी शिक्षा दिने व्यवस्था मिलाए । यसवेला उच्च शिक्षाको लागि भारतको नालन्दा र विक्रमशिला विश्वविद्यालयमा जाने गरेको पाइन्छ । यस समयमा पनि शिक्षा मुलतः धर्म प्रधान नै थियो (गौतम र कोइराला: २०७२, पृष्ठ: १-२) मल्लकालमा पढेलेखेका विद्धानहरुवाट राजकुमार,राजकुमारीलाई पढाउने व्यवस्था थियो । राजा जयस्थिति मल्लले विभिन्न जाल अनुसारको पेसा निर्धारण गरे यस पेशा प्रणालीको व्यवस्थापनलाई हेर्दा त्यसवेलाको समाजमा व्यावसायिक शिक्षाको विकास भएको मान्न सकिन्छ । राजा प्रताप मल्ल स्वयं १४ भाषाका ज्ञाता थिए । राजा सिद्धिनरसिंह मल्ले शिक्षा र धर्मलाई अलग अलग रुपबाट विकास गरिनु पर्ने विचार राखेको देखिन्छ । उनले ६८ वटा बहालहरुको निर्माण गरी भिक्षुलाई विहारमा र भिक्षुबन्ने तयारीमा लागेकाहरुलाई पेशाामा लगाएका थिए । श्री ५ पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा विभिन्न राज्यमा विभाजित राज्यहरुलाई एकीकरण गरेपछि नेपाल एक सिङ्गो राज्यमा परिणत भएको हो । नेपालको एकीकरण पश्चात् परम्परावादी शिक्षा भने पूर्ववत रुपमा चल्दै थियो तर पृथ्वीनारायण शाहले सैनिकका टुहुरा सन्तानहरुलाई छात्रवृत्ति दिने व्यवस्था मिलाई सैनिक प्रशिक्षण कार्यमा भर्तीगरेका थिए । पृथ्वीनारायण शाहले संस्कृत र फारसी भषाका लागि भारतमा पढ्न पठाएको पाइन्छ । पृथ्वीनारायण शाहा पछिका राजाहरुको धेरै जसो समय झै झगडामा बित्न गयो, परम्परागत शिक्षाले जे जस्तो रुपमा चल्दै आएका बाहेक खास उल्लेखनीय शिक्षाको विकास भएको थिएन ।

पृथ्वीनारायण शाहाको मृत्यु पश्चात नेपालको शासन व्यवस्थाको अवस्था क्रमशः कमजोर बन्दै गयो र वि.सं. १९०३ को कोत पर्व पछि जङग बहादुर राणले नेपालको शासन शक्ति आफ्नो हातमा लिई ३० वर्ष सम्म प्रधानमन्त्री चलाए । वि. सं. १९१० मा जङ्गबाहादुर बेलायतको भ्रमण पछि वि.सं. १९१० साल असोज २७ गतेका दिन आफनो दरवार थापाथलीको दाखचोकको भुइँतल्लामा पहिलो अंग्रेजी पाठशालाको स्थापना गरे । नेपालको इतिहासमा यो नै पहिलो आधुनिक र औपचारिक पाठशाला थियो । वि.सं.१९२७ सालमा नारायणहिटी संस्कृत पाठशालाको स्थापना,वि.सं.१९३२ सालमा भोजपुरको दिङ्गलामा षडानन्द संस्कृत पाठशालको स्थापना,वि.सं.१९५८ सालमा प्रधानमन्त्री देवशमशेरको पालमा जयपृथ्वीबहादुरसिंह र अरु विद्धानहरु मिलेर नेपाली भाषामा प्रथामिक शिक्षा दिन भाषा पाठशालको स्थापना गरियो । उनको पालमा नेपाल अधिराज्यभर करिव १५०वटा पाठशालाहरु खोलिए । वि.सं.१९७५ साल भाद्र २७ गते चन्द्रशमशेरले दरबार स्कूलको सभागृहमा इन्टरमिडियट कलेजको रुपमा त्रिभुवन चन्द्र कलेजको स्थापना गरे । विं सं.१९८५ सालमा राजकीय आयुर्वेद पाठशालाको स्थापना भयो । वि.सं.१९८७ सालमा टेक्निकल स्कुल र १९९९ सालमा ओभरसियर तालिम सुरु भयो । वि.सं. २००५सालमा प्रथम विश्वविद्यालय योजना कमिशन गठन गरियो । वि.सं. २००७ सालको राजनैतिक परिवर्तन पछि शिक्षा विकासमा निकै प्रयास भए । वि. सं. २००९मा राष्ट्रिय शिक्षा बोर्डको गठन भयो । विं सं. २०१० सालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन भयो । यसरी विभिन्न समयमा विभिन्न किसिमका आयोग,समिति,पद्धति,कार्यदल गठन गरी उनीहरुले दिएको सिफारिसको आधारमा शिक्षाको विकास हुँदै आजको यो अवस्था सम्म शिक्षा आइपुगेको पाइन्छ (ढुङ्गाना: २०५०) ।

### १.१.१ भौतिक अवस्था

भौतिक अवस्था भन्नाले मूलतः विद्यालयको भवन, शौचालय, खानेपानी, कक्षाकोठा, फर्निचर, कालोपाटी/हरियो पाटीको व्यवस्थापन

झ्यालढोकाको अवस्था, प्रकाश र हावाको व्यवस्था, पानी नचुहिने अवस्था, पुस्तकालय र प्रयोगशाला, कक्षाकोठाको आकार, डेक्सवेच्नको व्यवस्था, कक्षाकोठाको सजावट, खेलमैदान, कम्प्युटर, प्रोजेक्टर, पंखाको व्यवस्था, आदि पक्ष पर्दछन् ।

संस्थाभित्र सामूहिक भावनाको विकास गरी लक्ष्य प्राप्ति तर्फ डोऱ्याउने वातावरणको विकास गर्नु विद्यालयको भौतिक व्यवस्थापन हो । विद्यालयको भौतिक व्यवस्थापनले शिक्षण सिकाइका लागि विद्यार्थीका क्रियाकलापहरुलाई व्यवस्थित र शिक्षणका लागि अनूकुल भौतिक प्रवन्ध गर्ने कार्य हो ।

कुनै पनि संस्थालाई सही रुपमा संचालन गर्न भौतिक पक्षको महत्वपूर्ण भूमिका रहन्छ । विद्यालय पनि एउटा सामाजिक संस्था हो । विद्यालयको शैक्षिक गुणस्तर बृद्धिमा भौतिक व्यवस्थापनको महत्वपूर्ण हात हुन्छ । विद्यालयका अनेक व्यवस्थापन पक्षहरु मध्ये सबै भन्दा महत्वपूर्ण पक्ष भनेको नै भौतिक व्यवस्थापन पक्ष हो ।

शिक्षण सिकाइको कार्य गर्ने मुख्य स्थल भनेको नै विद्यालय हो । विद्यालयले व्यवस्थापन गर्ने भौतिक पक्षसंग यसको सिधा सम्वन्ध रहन्छ । भौतिक पक्ष विद्यार्थीका लागि उपर्युक्त नभएमा प्रभावकारी शिक्षण हुन सक्दैन ।(काफ्ले र साथीहरु-२०६२)

**(क)भौतिक पक्ष**

१.विद्यालयको भवनको अवस्था
२.विद्यालयको कक्षाकोठाको अवस्था
३.पुस्तकालय र प्रयोगशालाको अवस्था
४.विद्यालयको खेल मैदानको अवस्था
५.विद्यालयको कम्पाउण्ड दिवाल अवस्था
६.खानेपानी र शैचालयको अवस्था
७.विजुली बत्तिको अवस्था

**१.१.२ शैक्षिक अवस्थाः**

कुनै खास उद्देश्य प्राप्ति गर्नका लागि वा कुनै लक्ष्यमा पुग्नका लागि वा कुनै कार्य सम्पादन गर्नका लागि के कस्ता तरिका वा विधि, रणनीति लागू गर्नु पर्छ भन्ने मूल तत्वलाई शैक्षिक योजना भनिन्छ । सामान्यतया शैक्षिक योजना राष्ट्रको समग्र शिक्षा विकासका लागि बनाइएको योजना हो । शैक्षिक दृष्टिले हेर्दा समाजमा विकसित ज्ञान, विज्ञान, प्रविधि, सीप र सिर्जनालाई समाजमा रुपान्तरण गर्दै भविष्यमा कामको संसारका लागि आवश्यक जनशक्ति के कसरी उत्पादन र के कसरी खपत गर्ने भनि लेखा जोखा गरेरर समाजमा अपेक्षित परिवर्तनका उद्देश्यले शिक्षाका स्परुप र प्रक्रियालाई समेत विश्लेषण गरी बैज्ञानिक पद्धतिमा आधारित भई तयार गरिएको दस्तावेज नै शैक्षिक योजना हो । त्यसैले शिक्षाको योजनाले कसलाईके कस्तो, कसरी र कति शिक्षा दिने भन्ने पश्नहरुको उत्तर प्रदान गर्दछ । कुनै पनि योजनालाई वैज्ञानिक, व्यवहारिक र आश्यकतामुखी बनाउन त्यसको निर्माणमा निश्चित कार्य प्रतिक्रियाहरु अपनाउन आवश्यक हुन्छ ।

शैक्षिक योजना निर्माण गर्दा आवश्यकता र वास्तविकतालाई ध्यान दिएर कार्यान्वयन हुन सक्ने र व्यवहारिक बनाउनु पर्दछ । वास्तवमा आफ्नो क्षमता, समय, उपलव्ध स्रोत र साधन, योजना कार्यान्वयनको वातावरणको आदि समेतलाई ध्यानमा राखी शैक्षिक योजना निर्माण गरिन्छ । त्यसैले शैक्षिक योजना स्पष्ट बस्तुनिष्ठ आफ्नो आवश्यकता अनुकुल, व्यवहारिक र कार्यान्वयन हुन सक्ने गरी निर्माणमा निश्चित प्रक्रिया अपनाउनु पर्दछ ।

शिक्षाको शास्त्रीय मान्यता अनुसार शिक्षामा गरिने लगानी अन्य क्षेत्रमा गरिने लगानीको प्रतिफल सँग तुलना गरिन्छ । व्यक्ति वा परिवारले शिक्षामा लगानी गर्दा कताबाट बढी प्रतिफल प्राप्त हुन्छ, त्यता नै लगानी गर्दछन् । अन्य क्षेत्रमा बढी फाइदा हुने भए शिक्षामा भन्दा अन्यत्र लगानी बढाउन सक्दछ् । शिक्षा क्षेत्रमा हुने व्यक्तिगत लागत शिक्षा प्राप्त गर्ने विद्यार्थीहरुले शिक्षा पूरा गर्न लाग्ने खर्चमा आधारित हुन्छ । र ती व्यक्तिगत लगानीबाट नै सामाजिक लागत वन्न जान्छ । त्यसैले लगानी गर्दा शिक्षाको

कुन क्षेत्रबाट बढी प्रतिफल आउंछ त्यस अनुसार लगानी गर्दछन् । सरकारले आधारभुत र माध्यमिक शिक्षामा बढी लगानी गर्नु पर्दछ ।

विद्यालयको मुख्य कार्य प्रभावकारी शिक्षण गर्नु हो । विद्यालयले संचालन गर्ने शैक्षिक क्रियाकलाप सम्वन्धी योजनालाई शैक्षिक योजना भनिन्छ । विद्यालयमा प्र.अ.शिक्षक, अभिभावक र विद्यार्थीद्वारा संचालन गरिने सिकाइ सम्वन्धी कार्यक्रमलाई शैक्षणिक योजना भनिन्छ । यस्तो शैक्षिक योजनामा एक शैक्षिक सत्र भित्रका सम्पूर्ण शैक्षिक क्रियाकलापहरु जस्तै त्रैमासिक,मासिक,दैनिक र बार्षिक रुपमा गरिने योजनाहरु पर्दछन् । विद्यार्थीका शैक्षिक उपलव्धी हासिल गर्नका लागि नियमित रुपमा विद्यालयभित्र वा बाहिर यस्ता योजनाहरु संचालन गर्ने गरिन्छन् ।

बार्षिक कार्ययोजना, बार्षिक कार्यपात्रो, एकाई योजना र दैनिक पाठयोजनाका अतिरिक्त परीक्षा संचालनमा, अतिरिक्त क्रियाकलापहरु सम्वन्धी, विभिन्न दिवस, भर्ना कार्यक्रम, कक्षा प्रारम्भ आदि पर्दछन् ।

शिक्षाको विकासलाई व्यवस्थित गर्नका लागि पनि विभिन्न किसिमका शैक्षिक योजनाको आवश्यकता पर्दछ । शैक्षिक योजना मुलतः शिक्षण प्रक्रियासंग सम्वन्धित हुन्छ । विभिन्न शैक्षिक क्रियाकलापका लागि उपलव्ध शिक्षक , कक्षाकोठा, समय आदि कुराहरुलाई विचार गरी कक्षालाई विभिन्न ढाँचामा व्यवस्थित गर्ने शैक्षणिक प्रक्रियालाई कक्षा व्यवस्थापन भनिन्छ । शैक्षणिक व्यवस्थापन चयन गर्ने कुरा विषय, शैक्षिक सामग्री, भौतिक सामाग्री विद्यार्थी र शिक्षकका संख्याका अतिरिक्त विद्यार्थीको क्षमता, रुचि र अभिबृद्धिमा भर पर्दछ । शिक्षणका लागि कक्षा कोठा संख्या, शिक्षकको विषयप्रतिको दक्षता, तालिम प्राप्त, अनुभव, पुस्तकालयमा पुस्तक, पत्रपत्रिका, घण्टी, अतिरिक्त क्रियाकलाप आदिमो महत्वपूर्ण भूमिका हुन्छ (काफ्ले ढकाल र अधिकारी-२०६५) ।

**(ख) शैक्षिक पक्ष**

१. गत सालको एस.ईई.को परीणाम

२. माध्यमिक तहको परीक्षा प्रणाली

३. शैक्षिक सामाग्री

४. विद्यालयमा गरीने अतिरिक्त क्रियाकलाप

५. विधार्थीको भर्ना र उपस्थिति

६. सिकाई उपलब्धि

७. शिक्षक तालीम प्राप्त र अप्राप्त

हाल नेपालको औपचारिक विद्यालयको संरचनालाई निम्न भागमा विभाजन गरिएको छ :-

☞ आधारभूत तहः कक्षा १ देखि ८ सम्मलाई सम्झनु पर्दछ ।

☞ माध्यमिक तहः कक्षा ९ देखि १२ सम्मको शिक्षा दिने विद्यालयलाई सम्झनु पर्छ । (कानुन किताव व्यवस्था समिति शिक्षा ऐन २०२८ आठौं संसोधन२०७३)

**१:१.३ नेपालमा माध्यमिक विद्यालय र माध्यमिक शिक्षाः**

नेपालमा माध्यमिक शिक्षा भनेको कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । माध्यमिक विद्यालय भनेको कक्षा ९ देखि १२ को शिक्षा दिने विद्यालय वा कक्षा १ देखि कक्षा १२ सम्म को शिक्षा दिने विद्यालयलाई माध्यमिक विद्यालय भनेर चिनिन्छ । माध्यमिक तहको अन्त्यमा राष्ट्रव्यापीरुपमा हुने व्यवस्था छ । यस परीक्षा हाल विद्यालय तहको अन्तिम परीक्षाको रुपमा रहेको छ । नेपालमा औपचारिक शिक्षाको शुरुवात जंगबाहादुर राणा वेलायतको भ्रमणका क्रममा त्यहाँको शिक्षावाट प्रभावित भएर नेपालमा पनि आफ्ना सन्तानको लागि भए तापनि शिक्षा दिने उद्धेश्यले जंगबहादुरले वि.सं. १९१० साल असोज २७ गते दरवार स्कुलको स्थापना गरेको पाइन्छ। "नेपालमा माध्यमिक शिक्षाको शुरुवात वि.सं. १९३२ सालमा शिक्षा विभागका डाइरेक्टर जनरल अफ पब्लिक इन्ट्रक्सन श्री धीरशमशेरको पालामा सो दरवार स्कुलबाटनै भएको पाइन्छ । यस तहको पाठ्यक्रम तथा पाठ्पुस्तक पनी विदेशी पाठ्यक्रम तथा पाठ्यपुस्तक नै राखिएको थियो । शुरुमा दरवार हाइस्कुलको सम्वन्ध कलकत्ता विश्वविद्यालयसँग रहेको थियो । त्यसैले त्यतिखेर म्याट्रिक परीक्षा (कक्षा १० को अन्तिमको परीक्षा) दिन कलकता जानुपर्दथ्यो । कलकत्ता गई परीक्षा दिनु पर्ने भएकाले परीक्षाको

माध्यम अंग्रेजी थियो । कलकत्ता गई परीक्षा दिन जाँदा आउँदाको खर्च श्री ५कोसरकारले व्यहोर्थ्यो।

“माध्यमिक शिक्षाको अन्त्यमा लिनेपरीक्षा सञ्चालन गर्न नेपालकै शैक्षिक इतिहासमा वि.सं. १९९० साल कार्तिक १६ (नोभेम्बर,१ १९३२) का दिन एस.एल.सी. परीक्षा बोर्डको गठन भयो । सो बोर्डको सदस्य सचिवका रुपमा नन्दराम उप्रेती हुनुहुन्थयो । नेपालमा एस.एल.सी. बोर्डको गठन हुँदा दरवार हाइस्कूल र पाटन हाइस्कूल गरी दुइ वटामात्र स्कूल थिए । वि. स.२००७ सालमा पनि नेपालमा अंग्रेजी, आधार र संस्कुत हाइस्कूल गरी जम्मा २७ वटा मात्र हाइस्कूल थिए भने १५ वटा मिडिल स्कूल रहेको तथ्यांक पाइन्छ । २००७ सालको राजनैतिक परिवर्तन पछि माध्यमिक शिक्षाको विकाशमा पनि तिर्वता आएको देखिन्छ । वि. स. २०११सालको तथ्यांक अनुसार नेपालमा त्यसबेला ८३वटा हाईस्कूल पुगेका थिए । त्यसैगरी २०१८ सालको तथ्यांक अनुसार हाइस्कूलको संख्या २८३ पुगेको छ ।वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना अनुसार माध्यमिक विद्यालय ३ प्रकारका थिए: साधारण,व्यवसाहायिक र संस्कृत माध्यमिक विद्यालयहरु हुन (शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा: लेखनाथ पैडेल) । हाल नेपालमा माध्यमिक विद्यालय दुई प्रकारका सञ्चालित छन : साधारण र संस्कृत माध्यमिक विद्यालय छन् (शिक्षा ऐन २०२८: आठौं संसोधन २०७३ ।

नेपालमा पहिलो एस.एल.सी. परीक्षा वि.स. १९९० सालको पुसकोअन्तिम साता देखि शुरु भएको थियो । यस परीक्षामा ३३ जना परीक्षार्थी समावेश भएका थिए । त्यसबेला एस.एल.सी. कोपूर्णाङ्क ८०० थियो भने उत्तीर्णाङ्क २८८ थियो । वि.सं. २००१ साल माघ १२ गते निर्णय भए अनुसार उपत्यका बाहिर पहिलो S.L.C. परीक्षा केन्द्र त्रिजुद्ध हाइस्कूल वीरगञ्जमा खुलेको थियो ।

हाल माध्यमिक विद्यालयको संख्या सार्वजनिक र संस्थागत गरी जम्मा ४११३ रहेको छ । जसमा ४४९२९६ विद्यार्थीहरु अध्ययनरत छन् । हाल कर्यरत्त शिक्षकहरुको जम्मा संख्या १८८४६ रहेको छ जसमा ४६.१% तालिम प्राप्त शिक्षक छन । सहजै देखिने विद्यार्थी भर्ना प्रतिशत ४३.८ र खुद भर्ना

दर २५.५प्रतिशत रहेको छ । विद्यार्थी शिक्षक अनुपात २३.८ रहेको छ (शिक्षा विभागको प्रतिवेदन २०७२)।

दशौं पञ्चवर्षीय योजना अनुसार सो योजना अवधिभरमा निम्न माध्यमिक तहमा कुल भर्ना दर ६५प्रतिशत र माध्यमिक तहमा ४५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ, तालिम प्राप्त शिक्षक आंशिक तालिम प्राप्त समेत १०० प्रतिशत पुऱ्याउने,५० हजार विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने जसमा छात्रा,पिछडीएका जनजाति र दलितले प्रथमिकता पाउने छन् । गरिवीको रेखामुनि रहेका दलित, पिछडिएका जनजाति,महिला तथा अपाङ्गहरुलाई माध्यमिक तहमा निःशुल्क शिक्षा दिइने छ ।

विभिन्न काल खण्डसँगै शिक्षणका नविनतम चिन्तनहरुको विकास भएको पाइन्छ । जसमा शिक्षण कौशल, शिक्षण तौरतरिका सँगै मूल्याविभिन्न काल खण्ड सँगै शिक्षणका नविनतम चिन्तनहरुको विकास भएको पाइन्छ । जसमा शिक्षण कौशल , शिक्षण तौरतरिकासँगै मूल्याङ्कनका कुरामा पनि नितान्त नविनतम तरिकाको अवलम्वन गरिनु पर्ने कुरामा शिक्षाविदहरुको एकमत रहेको पाइन्छ । तीनघण्टे कपी पेन्सील परीक्षाको माध्यमवाटमात्र विद्यार्थीहरुको चौतर्फी सक्षमताको मूल्याङ्कन गर्न नसकिने तथ्यलाई दृष्टिगत गरी नेपालमा पनि प्राविधिक शिक्षातर्फ वि.स. २०७१ साल देखि र वि.स. २०७२ सालदेखि एस.एल.सी परीक्षाको मूल्याङ्कन प्रणाली अक्षराङ्क पद्धतिवाट गरेको पाइन्छ । विद्यार्थीहरुका सबै पक्षका सक्षमतालाई आदि अङ्कमामात्र लेखाजोखा गर्न नसकिने हुदाँ अक्षरमा अङ्कन गर्ने परिपाटीको विकास भएको पाइन्छ ।

एस.एल.सी. परीक्षको नतिजा अङ्कनमा मापन गर्दा अधिकांश विद्यार्थीहरुको समग्र क्षमताको मुल्याङ्कन गर्न नसकिने, विद्यार्थीहरुमा नैरश्यता,डर तथा वितृष्णा देखापर्नेमात्र होइन कयौ विद्यार्थीहरुले आत्माहत्या समेत गर्ने गरेकाले विश्वपरिवेशमा अवलम्बन गरिने अक्षराङ्क पद्धतिको नेपालमा पनि वि.स. २०७२ सालदेखि कार्यान्वयनमा आएकोछ । अक्षराङ्क पद्धतिले समग्रताको मूल्याङ्कन गर्ने हुनाले विद्यार्थीहरुले आफ्नो रुची अनुसार माथिल्लो तहका कक्षाहरुमा अध्ययन गर्न पाउने, विद्यार्थीहरुमा

मनोवैज्ञानिक असर नपर्नेहुदाँ आजको परिवेशमा अक्षराङ्क पद्धति औचित्यपूर्ण मानिन्छ ।

हाल नेपालमा पाठ्यक्रम तथा मूल्याङ्कन परिषद बैठकले तपसिल अनुसारको ग्रेड/तह/श्रेणी निर्धारण गरेको छ।

| क्र.स. | प्राप्ताङ्कको वर्गान्तर | तह | ग्रेड | जि.पि.ए. |
|---|---|---|---|---|
| १ | ९०-१०० | A+ | अति उत्तत्तम | 4.0 |
| २ | ८०-९० | A | उत्तम | 3.6 |
| ३ | ७०-८० | B+ | धेरै राम्रो | 3.2 |
| ४ | ६०-७० | B | राम्रो | 2.8 |
| ५ | ५०-६० | C+ | औसत माथि | 2.4 |
| ६ | ४०-५० | C | औसत स्तर | 2.0 |
| ७ | ३०-४० | D+ | सिमानत | 1.6 |
| ८ | २०-३० | D | सुधार आवश्यक | 1.2 |
| ९ | ०-२० | E | सुधार नगरी नहुने | 0.8 |

ग्रेडिङ् प्रणाली जम्मा नौवटा ग्रेडहरु कायम गरिएका छन् ।

विभिन्न समयका आयोग, समितिको प्रतिवेदनमा माध्यमिक शिक्षाको सन्दर्भमा निम्नानुसार उल्लेख गरिएको पाइन्छ :-

नेपालमा २००७ सालमा प्रजातन्त्रको आगमन भए पश्चात विद्यालयहरुको स्थापनामा तिव्रता आयो जसले गर्दा विद्यालयको संख्यात्मक बृद्धि त भयो तर यसमा कस्ता कस्ता पाठ्यपुस्तक राख्ने, कति योग्यता भएका शिक्षकले कुन तहसम्म अध्यापन गराउने, विद्यालयको संरचना कस्तो हुनु पर्ने, परीक्षा प्रणाली कस्तो हुनु पर्ने आदि विषयमा कुनै निचोड नआइ विद्यालयको स्थापनाले झन ठूलो समस्या थपियो जसले गर्दा शिक्षाको गुणात्मक विकास हुन सकेन यसै कुराहरुलाई ध्यान दिएर नेपालमा शिक्षा विकासको सन्दर्भमा धेरै आयोग, समिति योजनाहरु गठन भई अध्ययन गरी सिफारीस समेत पेश गरेको पाइन्छ।

**राम्रो विद्यालय हुनका लागि निम्न कुरा भएको हुनु पर्ने छ :-**

(क) कक्षाकोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको हुनु पर्ने,

(ख) कक्षागत क्षेत्रफल पूर्व प्राथमिक र प्राथमिक विद्यालयको हकमा प्रति विद्यार्थी ०.७५ वर्ग मीटर तथा निम्न माध्यमिक र माध्यमिक विद्यालयको हकमा १.०० वर्ग मीटर भन्दा कम हुनु नहुने,

(ग) अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै कक्षाकोठा स्वस्थ्य हुनु पर्ने,

(घ) कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने,

(ङ) विद्यालयमा आवश्यकतानुसार पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामाग्री र स्वस्थ्यकर खानेपानीको प्रवन्ध गर्नु पर्ने,

(च) पूर्वप्राथमिक विद्यालयमा बाहेक अन्य विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था हुनु पर्ने,

(छ) शिक्षण क्रियाकलापको लागि आवश्यकीय शैक्षिक सामाग्री जस्तो कालोपाटी, नक्सा, ग्लोब, गणितीय सामाग्रीहरु हुनु पर्ने,

(ज) पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्री सहितको पुस्तकालयको व्यवस्था हुनु पर्ने,

(झ) सम्पूर्ण विद्यार्थीहरु एकै साथ उभिन सक्ने कम्पाउण्डको व्यवस्था हुनु पर्ने,

(ञ) विद्यार्थीहरुको लागि खेल्ने मैदानको व्यवस्था र खेल सामाग्रीको व्यवस्था हुनु पर्ने

(ट) सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया देहाय बमोजिम विद्यार्थी हुनु पर्ने,

उपत्यका/तराइ क्षेत्रमा ........... ५० जना ।

पहाडी क्षेत्रमा ...................... ४५ जना ।

हिमाली क्षेत्रमा ..................... ४० जना ।

(ठ) कम्तिमा देहायबमोजिम शिक्षकको व्यवस्था हुनु पर्ने,

माध्यमिक तहको लागि ............... ५ जना ।

निम्न माध्यमिक तहको लागि ........ ४ जना ।

प्राथमिक तहको कक्षा १-३ को लागि ..३ जना ।

प्राथमिक तहको कक्षा १-५ को लागि ..५ जना ।

(ड) विद्यालयको स्थायी आय स्रोत हुनु पर्ने,

(ढ) विद्यालयमा प्राथमिक उपचार सामाग्रीको व्यवस्था हुनु पर्ने,

(णं) आवासीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

(त) विद्यालयको हाता कम्पाण्डले घेरीएको हुनु पर्ने,

(थ) भाडाको भवनमा विद्यालय सञ्चालन गर्ने भए कम्तीमा पाँच वर्षको घरभाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने (शिक्षा नियमावली २०५९, अनुसूची-३) ।

**१:२ अध्ययन समस्याको कथन:**

कुनैपनि अध्ययन अनुसन्धानमा समस्या एक महत्वपूर्ण पक्ष हो। समस्यामा नै अध्ययन अनुसन्धान गरिन्छ । माध्यमिक शिक्षा सञ्चालन भएको आज करिब १३० वर्ष वितिसकेको छ । यस अविधिमा विद्यालयको संख्यात्मक वृद्धि अत्यधिक भएको पाइन्छ तर शिक्षाको गुणात्मक विकास हुन सकिरहेको देखिदैन । त्यसैले माध्यमिक शिक्षाका वारेमा धेरै जनगुनासोहरु देखा पर्न थालेको छन । त्यस्तैगरी पूर्वि तराईमा पर्ने मोरङ्ग जिल्लाको सदरमुकाम विराटनगरमा पनि माध्यमिक विद्यालय सञ्चालन भएको करीव ६० वर्ष भइसकेको छ । यस क्षेत्रका सार्वजनिक माध्यमिक विद्यालयहरुमा विद्यार्थीको उतिर्ण प्रतिशत अत्यन्तै कमजोर रहेको,विद्यालयको भौतिक र शैक्षिक अवस्थाप्रति पनि यस क्षेत्रका अभिभावकहरुवाट व्यापक गुनासो आएकोले मलाई यस विषयमा अध्ययन गर्न अभिप्रेरित गऱ्यो । हालसम्म पनि यस क्षेत्रमा सञ्चालित विभिन्न माध्यमिक विद्यालयहरुको भौतिक र शैक्षिक अवस्थाको बारेमा अध्ययनको अभाव रहेको हुनाले यस क्षेत्रका विद्यालयहरुको अध्ययन गरी खोजी गर्न निम्न प्रश्नहरुले मलाई अभिप्रेरित गरी यो प्रतिवेदन

तयार पारीएको हो । यस अध्ययन अनुसन्धानको क्रममा तल उल्लेखित समस्याहरुको आधारमा यो अध्ययन प्रतिवेदन तयार गरिएको छ :-

क) यस क्षेत्रका माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक र शैक्षिक अवस्था कस्तो रहेको छ ?

ख) विद्यालय सञ्चालनमा आवश्यक पर्ने आय स्रोत कस्तो छ ?

ग) यस क्षेत्रमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरुमा विध्यमान समस्याहरु के कस्ता रहेका छन ?

घ) माध्यमिक विद्यालयको भौतिक र शैक्षिक पक्षको समस्यहरुले वर्तमान शिक्षाको गुणस्तरमा कस्तो प्रभाव पारेको छ ?

ङ) माध्यमिक विद्यालयको शिक्षामा जनसहभागिता र अभिभावकको दृष्टिकोण कस्तो रहेको छ ?

यस्तै केही यथार्थ तर जिज्ञासामूलक प्रश्नहरुले मलाई यो अध्ययन गर्न प्रेरित गऱ्यो । यिनै सान्दर्भिक प्रश्नहरुको खोजलाई ध्यानमा राखी सोधको विषय विराटनगर माहानगरपालिका भित्र सञ्चालीत सामुदायीक माध्यमिक विद्यालयहरुको वर्तमान अवस्था : एक अध्ययन रहेको छ ।

**१:३ अध्ययनको उद्धेश्यहरु:**

कुनै पनि कार्यको अध्ययन अनुसन्धान गर्नका लागि निश्चित उद्धेश्यहरु तयार गरेर अध्ययन कार्य अगाडी बढाइन्छ । यस अध्ययनको लागि निम्न उद्धेश्यहरु तयार गरेर यस अध्ययन कार्य अगाडी बढाइएको छ । यस अध्ययनको लागि निम्न लिखित उद्देश्यहरु तयार गरिएको छ :-

क) सामुदायिक माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक र शैक्षिक अवस्थाको पहिचान गर्ने ।

ख) सामुदायिक माध्यमिक विद्यालयहरुको भौतिक र शैक्षिक समस्याहरु पत्ता लगाउने ।

ग) सामुदायिक माध्यमिक विद्यालयहरुका भौतिक र शैक्षिक अवस्था प्रति सरोकारवालाहरुको धारणा पत्ता लगाउने ।

**१:४ अध्ययनको महत्व :**

एक्काइसौं शताब्दीको आगमनसँगै हाम्रो साम् अनेकौ नयाँ समस्याहरु र चुनौतिहरु देखापरेका छन् । हाम्रो चिन्तन र चेतनाका विविध वहुआयामिक पक्षहरुमा नयाँ शताब्दीले नयाँकुराको अपेक्षा गरेको छ । विज्ञान र प्रविधिको चरम विकासले सम्पूर्ण विश्वलाई नै प्रभाव पारेको वर्तमान अवस्थामा हाम्रा हिजोका अनेकौं मूल्य-मान्यता र अवधारणहरु आज दिन प्रतिदिन पुराना बन्दै गइरहेका छन् । समयको द्रुत वेग र परिवर्तनसँगै हामीले आफ्नो विचार र कार्य प्रणालीमा परिवर्तन ल्याउन सकेनै भने भविष्य पिठादायी हुने स्वतः सिद्ध छ । अबका दिनमा शिक्षा ज्ञान, सीप र संस्कृतिको सोझो हस्तान्तरण मात्र नभएर व्यवहारिक अनुभुति, रोजगार प्रदान व्यवसायिक दक्षता बढाउने खालको हुनु नितान्त आवश्यक छ । तिब्र गतिमा परिवर्तन भईरहेको विश्वमा आफूलाई राम्ररी सामान्जस्य गराउन सक्ने सामर्थ बोकेको मूल लक्ष्य हुन पर्दछ । विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभाको उत्खनन राष्ट्रिय र अन्तराष्ट्रिय परिवेशमा प्रतिष्पर्धात्मक ढङ्गले उत्रिन सक्ने जनशक्तिको निर्माण, मूल्य र मान्यतामा आधिारित सच्चरित्रवान अनुसन्धानमूलक शिक्षा नै एक्काईसौ शताब्दिको लागि उपयुक्त शिक्षा हुन सक्ने छ ।

यस अध्ययन अनुसन्धानको औचित्यलाई निम्न बुँदामा उल्लेख गरिएको छ :-

क) यस क्षेत्रका सामुदायिक माध्यमिक विद्यालयका भौतिक र शैक्षिक स्थितिको वारेमा ज्ञान हासिल गर्न खोज्नेहरुलाई सहयोग पुऱ्याउन सक्नु पनि यस अध्ययनको औचित्य रहेको छ ।

ख) सामुदायिक माध्यमिक विद्यालयको अवस्थाको वारेमा जानकारी हासील गरी माध्यमिक विद्यालयमा देखिएको समस्याहरु अध्ययनगरी भविश्यमा यस क्षेत्रका माध्यमिक विद्यालयको विविध पक्षको विकास गर्न योजना तर्जुमा गने योजनाकारहरुलाई पनि यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

ग) यो अध्ययन प्रतिवेदनले भविष्यमा यस क्षेत्रको सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक पक्षको वारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई पनि एउटा अधार प्राप्त हुनेछ ।

घ) यस क्षेत्रका सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक पक्षहरु वीच तुलनात्मक रुपले अध्ययन गरी के कुराको अभाव छ ? के के कुरामा समान रहेका छन् ? आदि विषयवस्तुमा अध्ययन र अनुसन्धान गरी विद्यालयको विभिन्न पक्षमा देखिएका समस्याहरुको समाधान गर्न आवश्यक सुझावहरु पेश गर्नु पनि यस अध्ययनको प्रमुख औचित्य रहेको छ ।

घ) यस अध्ययन अनुसन्धानमा विद्यालयको विविध पक्षहरुमा देखिएको समस्यहरु समेटीनुका साथै माध्यमिक विद्यालयको शिक्षा सुधार गर्न आवश्यक पर्ने महत्वपुर्ण सुझावहरु समेत प्रस्तुत गरिएकोले यस प्रतिवेदनले माध्यमिक शिक्षामा सुधार गर्न चाहानेहरुका लागि पनि सदैव मार्गदर्शनको रुपमा रहि सहयोग पुऱ्याउने छ ।

ङ) यस अध्ययनले विद्यालय व्यवस्थापन समिति,प्र. अ., शिक्षक,निरीक्षक र पाठ्यक्रम निर्माता आदि समेतलाई ठोस सहयोग पुग्ने अपेक्षा राखिएको छ ।

च) यस अध्ययनले भविष्यमा सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाका बारेमा अध्ययन गर्न चाहाने अनुसन्धानकर्ताका लागि

**१.५ अनुसन्धानात्मक प्रश्नहरु:**

माथि उल्लेख गरिएका विभिन्न उदेश्यहरुसँग सम्बन्धित अनुसन्धानात्मक प्रश्नहरु यसप्रकार छन् ।

क)सामुदायिक माध्यमिक विद्यालय तहमा भौतिक र शैक्षिक अवस्थाका कस्तो रहेको छ ?

ख) भौतिक व्यवस्थापनले सिकाइ उपलब्धि कस्तो प्रभाव पारेको छ ?

ग) भौतिक व्यावस्थापनका क्षेत्रमा देखिएका समस्या र चुनौतीहरु के के हुन्?

घ) भौतिक व्यवस्थापनको समस्या न्यूनीकरण गर्ने उपायहरु के के छन् ,

ङ) शैक्षिक उपब्धि न्यून हुनुका कारणहरु के केहुन् ?

**१:६ अध्ययनको परिसिमा**

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्दा खुल्लारुपमा कार्य गर्न प्रायः असम्भव हुन्छ । त्यसैले अनुसन्धान कार्यको लागि सहज, सरल र प्रभावकारी बनाउन अनुसन्धानकर्ताले अध्ययनको विषयमा सीमा निर्धारण गरी सोही सीमाको परिधिभित्र रहेर अध्ययन अनुसन्धन गरि निष्कर्ष निकाल्दछन् । यस अध्ययन अनुसन्धान कार्यको लागि सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको निम्न सीमा निर्धारण गरिएको छ :-

१. यो अध्ययनलाई मोरङ जिल्ला विराटनगर महानागरपालिका अन्तर्गत रहेका ५ वटा सामुदीयक विद्यालयको (कक्षा ९ र १०) मा सीमित गरिएको छ ।

२. यो अध्ययन सामुदायिक विद्यालयमा रहेका भौतिक र शैक्षिक अवस्थामा सीमित गरिएको छ ।

३. यो अध्ययन सामुदायिक विद्यालयमा प्र.अ., शिक्षक, विद्यार्थी, वि.नि र स्रोत व्यक्तिमा सीमित गरिएको छ ।

भौतिक र शैक्षिक पक्ष अन्तर्गत निम्न कुराहरु अध्ययन गरी सोही आधारमा यो प्रतिवेदन तयार पारिएको छ :

**१.७ शब्दहरुको परिभाषाः**

यस शोधपत्रमा प्रयुक्त निम्नलिखित शब्दहरुको परिभाषा निम्नानुसार छन् :

**विद्यालयः** सामुदायिक विद्यालय वा सस्थागत विद्यालय सम्झनु पर्दछ ।

**सामुदायिक विद्यालयः** नेपाल सरकारवाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ ।

**आधारभूत तहः** कक्षा १ देखि ८ सम्म -शिक्षा ऐन आठौं संसोधन)

**माध्यमिक तहः** कक्षा ९ देखि १२ सम्म(शिक्षा ऐन आठौं संसोधन)

**प्र.अ.:** अध्ययन क्षेत्रको सम्बन्धित विद्यालयको प्रधानाध्यापक ,

**शिक्षक:** अध्ययन क्षेत्रका सक्बन्धित विद्यालयमा अध्यापन गराउने शिक्षकहरु ।

**विद्यार्थी:** अध्ययन क्षेत्रका सम्बन्धित विद्यालयका कक्षा ९ र १० मा अध्ययन गर्ने नमुना छनौटमा परेका विद्यार्थीहरु ।

**भौतिक:** सामान, उपकरण आदि आवश्यकताका बस्तुसग सम्बन्धित स्रोत साधन भन्ने सम्भन्नु पर्दछ ।

**व्यवस्थापक:** कुनै कार्यालय, संघ सस्था आदिको काम कार्वाहीलाई उचित ढङ्गले सञ्चालन गर्ने ब्यक्ति, सञ्चालक, प्रबन्धक वा कुनै काम वा गतिविधिको व्यवस्था मिलाउने चाजोपाजो मिलाउने गर्ने ब्यक्ति सम्भन्नु पर्दछ ।

**व्यवस्थापन:** कुनै कार्य वा गतिविधिको चाजोपाजो तथा व्यवस्था मिलाउने काम, कामकार्वाही सञ्चालन, उचित प्रबन्धभन्ने सम्भन्नु पर्दछ ।

**विद्यालय भवन:** विद्यार्थीहरुले पढ्न पाउने सुविधा भएको घर बुभ्न्नु पर्दछ ।

**कक्षा कोठा:** विद्यालयमा पठनपाठन सञ्चालन हुने कोठा बुभ्न्नु पर्दछ ।

कालो पाटी: कक्षाको पठनपाठनमा सहयोगका लागि विद्यार्थीहरुका सामुन्नेको भित्तामा राखिने कालो रङ्गको शैक्षिक पाटी सम्भन्नु पर्दछ ।

**बेन्च:** काठ वा फलाम आदिले बनेको धेरैजना बस्न हुने एक प्रकारको आसन सम्भन्नु पर्दछ ।

**खेल मैदान:** भलिवल, फुटवल, क्रिकेट, डन्डीवियो, कपर्दी खेल खेल्न सकिने फराकिलो र सम्म परेको जमिन वा चउर भन्ने बुभ्न्नु पर्दछ ।

**शौचालय:** दिशा , पिसाव आदि गर्ने ठाउ, पाइखाना, चर्पी आदि सम्भन्नु पर्दछ ।

**पुस्तकालय:** इच्छुक ब्यक्तिहरुलाई पढ्ने सुविधा दिने उदेश्यले पुस्तक, पत्रपत्रिका आदि पाठ्यसामग्रीहरु संग्रह गरी व्यवस्थित रुपमा राखिएको घर , पुस्तक घर वा त्यस्तो कोठा सम्भन्नु पर्दछ ।

**प्रयोगशाला:** वैज्ञानिक सिद्धान्तको प्रयोग, परिक्षण र विश्लेषणका लागि उपकरण आदि जडान गरिएको ठाउ सक्भन्नु पर्दछ ।

**चमेना गृह:** खाजा नास्ता खाने घर सम्भन्नु पर्दछ ।

**छात्रावास**: अध्ययनको क्रममा छात्रछात्राहरुलाई बसोवासका लागि सम्बन्धित शिक्षण सस्थाले व्यवस्था गरेको भवन बुझ्नु पर्दछ ।

**निरन्तर विद्यार्थी मूल्याङ्कन**: शिक्षण सिकाइ क्रियाकलापसग र आवश्यकता अनुसार समय समयमा गरिने मूल्याङ्कन जसले विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्दछ ।

**स्रोत ब्यक्ति**: छनौटमा परेका विद्यालयहरुको निरीक्षण गर्न जि.शि.का.वाट तोकिएको व्यक्ति।

**वि.नि**: छनौटमा परेका विद्यालयहरुको निरीक्षण गर्ने एकमात्र व्यक्ति ।

**अभिभावक**:छनौटमा परेका विद्यालयका अध्ययनरत विद्यार्थीहरुको अभिभावक भनी विद्यालयको अभिलेखमा गनिएको व्यक्ति ।

# अध्याय-दुई

# पूर्व साहित्यको पुनरावोकन

अनुसन्धान एक जटिल कार्य हो । अनुसन्धानलाई तथ्यपूर्ण र सिलसिलेवर रुपमा प्रस्तुत गर्न, समस्यालाई स्पष्ट पार्न, विषयवस्तुलाई फराकिलो पार्न, विषयवस्तुलाई नदोहारीनदिई नयाँ कुरा पत्ता लगाउन आफुले गरेको कार्य पूर्व सोधकर्ताको कार्यसंग के के कुरामा फरक छ भनी देखाउदै सम्बन्धित विभिन्न साहित्यको सहयोग लिनु पर्ने हुन्छ ।

कुनै पनि वस्तु, घटना, विषय वा कार्यको अध्ययन र अनुसन्धान गर्दा त्यससंग सम्वन्धित कुनै पनि ठाउँमा त्यस भन्दा अगाडी के कस्ता कार्यहरु, कस-कसले गरेका छन् र अव के गर्न बाँकी छ वा आवश्यक छ भनेर विस्तृत गर्नु पर्ने हुन्छ र आफुले गरेको अध्ययन ठीक छ छैन भनेर तुलना गर्नको लागि पनि पूर्व साहित्यको अध्ययन गर्नु पर्ने हुन्छ । अनुसन्धान कार्यमा अनुसन्धानको विषयवस्तु र अनुसन्धान समस्याको निर्माण गर्नुपर्ने कार्यमा नै साहित्यको पुनरावलोन गर्ने कार्य प्रारम्भ हुन्छ । अनुसन्धानकर्ताले नया नयां तथ्य, ज्ञान र सिद्धान्त प्रतिपादन गर्नु पर्ने भएकाले उसले छनोट गरेको क्षेत्र र समस्यामा रहेर पहिले कसैले अध्ययन गरेको वा नगरेको निर्क्योल गर्न पनि सम्वन्धित साहित्यको पुनरावलोन आवश्यक ठानी अध्ययनलाई अगाडी बढाइन्छ ।

## २.१ सम्बन्धित साहित्यको पनरावलोकन :

हाडा (२०५९) ले उल्लेख गरेको गुणस्तरीय शिक्षण सामग्री र वातावरणको अपरिहार्य शीर्षक अनुसार शिक्षणलाइ मूर्तरुप दिनका लागि पनि विद्यालयमा योग्यता प्राप्त, तालिम प्राप्त, दक्ष र अनुभवी शिक्षकको जरुरत पर्दछ । जुनसुकै काइदाका साथ बनाइएको भएता पनि चालक गोग्य र सीपयुक्त नभएमा डुङ्गा नदीमा डुब्न सक्दछ भने झै पर्याप्त भौतिक सुविधा उपलब्ध छ किन्तु योग्य शिक्षकको सेवा उपलब्ध छैन भने प्रभावकारी शिक्षण

दिन सकिदैन । भन्ने कुरालाई ध्यानमा राखी शिक्षाको व्यवस्थापनमा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगले पाठलाई स्पष्ट गराउदछ । प्रस्तुत धारणालाई छर्लङ्ग पार्दछ । एउटा उपयुक्त चित्रले हजारौ शब्दको ज्ञान गराइराखेको हुन्छ । शैक्षिक सामग्रीका् अभावमा शिक्षकलाई शिक्षण कठिन हुने मात्र नभई बालबालिकाका लागि सिकाइ अरु रुचिकर हुन्छ । उपयुक्त विन्दुमा उपयुक्त शैक्षिक सामग्रीको प्रयोगवाट विषयवस्तुको धारणा स्पष्ट हुन्छ । उदाहरणका लागि चित्र, नक्सा,चार्ट, नमूनाको अवलोकन र सामग्री निर्माण कार्यले विद्यार्थीहरुलाई सहभागी बनाएमा शिक्षण ज्ञानवर्द्धक अनुभव पर्दक हुन सक्दछ । यसरी समुचित शिक्षण सामग्रीको उचित मात्रामा पर्दशन र प्रयोग हुनु के शिक्षक अभ्कै प्रभावकारी हुनका साथै शिक्षाको राष्ट्रिय उदेश्यले गुणस्तरीय शिक्षाको जुन अप्क्षा गरेको छ त्यो पुरा हुन सक्तछ । पाठ्यसामग्री तथा वितरणमा परेका मेहनत एवम् स्रोत तथा समय खर्चे अनुसार विद्यालयमा ती सामग्री उपलब्ध भएको र प्रयोग भएको पाइदैन । यसका लागि पाठ्यक्रम विषय विस्तृतीकरण तथा शिक्षक निर्देशिकाको उदेश्य र उपयोगिता माथि छलफल गर्नु उपयुक्त देखिन्छ ।

शैक्षिक सामग्रीको प्रयोगवाट विद्यार्थीले सिकेका कुरा उनीहरुको मनमा चिरस्थायी रहन मदत होस्, उनीहरुको सार्थक र व्यवहारिक ज्ञान प्राप्त गरुन, सिर्जनात्मक प्रतिभाको विकास गर्न सकुन, विद्यार्थीले अध्ययन क्रियाकलापमा अभिरुचि बढाई सोच्ने बानी बसाल्नुका साथै पठनपाठनको क्रियाकलापमा शिक्षक र विद्यार्थीको संलग्नता बढ्न सकोस् भने धारणाका साथै शैक्षिक सामग्रीको प्रयोगमा एक अनावश्यक आर्थिक बोभ्क भन्ने हो भनाई पनि कही कही सुनिन्छ ।विदेशी, बढी मूल्य पर्ने उच्च स्तरका शैक्षिक सामग्रीहरु प्रयोगमा ल्याउनु भन्दा स्थानीय प्रयासवाट निर्मित सुपथ मूल्यका शैक्षिक सामग्रीर्लार्ा नै बढी जोड दिनु पर्ने कुरा सर्बमान्य भैसकेको छ । त्यसमा पनि विदार्थी र शिक्षक दुवै मलि संयुक्त प्रयासवाट योजनबद्ध ढङ्गले निर्माण गरिएको शैक्षिक सामग्रीको प्रयोगले पठनपाठनलनई बढी प्रभावकारी

बनाउदछ । साथै सुपथ मूल्यमा पाइने स्थानीय सामग्री, सरल र, चिरपरिचित हुनका साथै सजिलै पाइने हुनाले यस्ता शैक्षिक सामग्रीको सदुपयोगवाट विद्यार्थीहरुमा बढी सकारात्मक प्रभाव पर्दछ ।

सेरिड(२०६०)का अनुसार हाम्रो देशमा शिक्षक तालिमलाई ठूलो महत्व दिई यसमा पशस्त लगानी गरिएता पनि तालिमवाट सन्ताषजनक परिणाम हासिल गर्न सकिकन भन्ने गुनासो सुनिकोछ । त्यसैले सम्बन्धित सस्थाहरुको तालिम प्रभावकार बनाई यसवाट विद्यालयका कक्षाकोठामा उपयोग गरी बालबालिबालाई नविनतम ज्ञान तथा सीप प्रदान गर्न सकेमा देशले सोचे अनुसारको सक्षम जनशक्ति प्राप्त गर्ने आशा गर्न सकिन्छ ।

शैक्षिक सामग्री मध्ये कालो पाटी पनि एक महत्वपूर्ण शैक्षिक सामग्री हो ।यसको प्रयोग उपयुक्त स्थानमा राखेर शिक्षण गर्नु पर्दछ । कक्षाकोठामाविद्यार्थीको अगाडी कालो पाटी राख्नु पर्दछ । लेखिएका विषवस्तुहरु विद्यार्थीहरुले सबैले देख्ने हुनु पर्दछ । विद्यार्थीको आखाको सतह मल्ने गरी वीचमा राख्नु पर्दछ । छाया परेको टल्कने गरी राख्नु हुदैन । कालो पाटी राख्दा उक्त कुरामा ध्यान पुऱ्याएमा विद्यार्थीलाई दिन खाजिएको सन्देश सजिलै वद्यार्थीहरुमा पुऱ्याउन सकिन्छ । यदि सफा नगरीकन नै प्रयोग र सफा नगरी बाहिर नस्कियो भने त्यो राम्रो कुरा हाइन। तलमाथ गरेरसफ गर्नु पर्दछ । जसले गर्दा चकको धुलो बढी उडन पाउदैन ।

हाम्रो मुलुकमा अधिकांश विद्यालयमा चकले लेख्ने पाटी लाई कालो रङगले रङगाउने भएकाले यसलाई कालो पाटी भन्न थालियो । अलि आएर पाटीको रङ पहेलो,हरियो , सेतो पनि प्रयोग गर्न थालिएकोछ । आखाका लागि कालो भन्दा कहियो रङ राम्रो मानिन्छ ।तसर्थ कुनै पनि विद्यालयमा हरियो रङ प्रयोग गरेको पाइन्छ । सामान्यतया चक वोर्ड रङगाउदा शुक्रवारका दिन अतिरिक्त क्रियाकलाप सकिएर विद्यालय बन्द गर्ने समयमा ।रङ्गाइयो भने आइतवार प्रयोग गर्दा सुकिसकेको हुन्छ ।

दाहाल रामजी, शिक्षक मासिक (२०७१) मा उल्लेख गरेअनुसार शिक्षक निर्देशिका हरु जर्नलहरु पत्रपत्रिका काटेरराखेका फाइलहरु, तालिम सामग्रीहरु, स्वअध्ययन सामग्रीअरु, शैक्षिक तथ्याङहरु उपलब्ध हुन सक्छन र।त्यस्तै

विधुतीय औजारहरु जस्तैः रेडियो, टेपरेकर्ड, कम्प्युटर, विधुतीय तार, ब्याट्रीहरु, चुम्बकीय पाटीहरु उपलब्ध हुन सक्तदछन् ।बास्तविक प्रयोगमा आउने विरुवाहरु गमलामा उपलब्ध हुन सक्तछन । त्यस्तै काठका सामग्रीहरु अन्तरगत ब्लकहरु, फलेकहरु सनमाइका, प्लाइउडका टुक्राहरु उपलब्ध हुन सक्तछन । त्यस्तै रेखाचित्र सम्बधि सामग्रीहरु ड्राइ पेपर, मार्कर, टेप,पोष्टर प्पर ,क्लिप, डिस्पेले वोर्ड, जाली वोर्ड, कटु, हिटर, हथौडा, आरा, आद औजारह उपलब्ध हुन सकत्छन ।विद्यार्थीहरुले निर्माण गरेकाउत्कृट  चत्र र नमूनाहरु प्रश्नका सङ्कलन, घटना अध्ययन,अनुसन्धानका प्रतिवेदनहरु ,शैक्षिक भ्रमणका प्रतिवेदनहरु सिकाइमा प्रयोग हुने तस्विरहरु, सिर्जनात्मक कार्यका प्रतिवेदन आदि प्रयोग हुन सक्दछन् ।

खनाल,२०६८, B F Skinner का अनुसार(१९९०) ले पुर्नबल नकारात्मक र सकारात्मक हुन सक्ने बताएका छन । सिकाइमा सकारात्मक पुर्नबलद्वारा नै कुनै पनि उत्तेजनाले प्राणीको क्रियात्मक व्वहारमा परिवर्तन ल्याउछ र त्यस उत्तेजनाप्रति व्यक्तिका व्यवहारहरु क्रियाशिल हुन्छन् । Skinner को प्रयोगद्वारानै सिकारुको जीवनमा व्यवहारिक उदेश्यको निर्माण गर्न र शिक्षामा आधुनिकिकरण गर्न सिकाइ सिद्धान्त अत्यन्तै उपयोगि छ । त्यसैले यो सिद्धान्तलाई यस अध्ययनसग जोडेर हेर्दा शक्षकले जहिले पनि राम्रो वातावरणवाट शिक्षण गर्नु पर्दछ। शिक्षण क्रियाकलापलाई सफल पार्नका लागि पूर्नबलको सही रुपवाट प्रयोग गर्न सक्नुपर्दछ तवमात्र सिकाइ कार्यनितिको वास्तविक रुपमा कार्यान्वयन गर्दा मूल्याङ्कन सिकाइका लागि र सिकाइसगसगै हुनाले विद्यार्थीको व्यवक्तिगत क्षमता पहिचान गर्न सकिन्छ । उसलाई तत्कालै पृष्ठपोषण प्रदान गर्नुपर्दछ । यसरी विद्यार्थीहरुले गरेका कार्यहरुका आधारमा उनीहरुलाई शिक्षकले धन्यवाद, प्रशंशा, हौसला, प्रेरणा तथा पुरसर प्रदान गरी उनीहरुलाई विषयवस्तुसग सम्बन्धित विभिन्न कुरा सिकाउदा उनीहरुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याई शिक्षामा गुणस्तर बृद्धि गर्न सकिन्छ ।

शर्मा एण्ड शर्मा, २०६८ का अनुसार E. L. Thorndike को प्रयत्न तथा भुल सिद्धातसगँ यस शोधपत्रको शीर्षक सम्बन्धित गराएर अध्ययन गर्न

खोजिएको छ । यस सिद्धान्तलाई थर्नडाइकले प्रमाणित गर्ने क्रममा पजलमा थुनेर राखेको भोको बिरालाृले खाना प्राप्त गर्ने क्रममा विभिन्न कसरत गर्दा भुल र प्रयत्नको आधारमा अचानक खाना प्राप्त गर्दछ । प्रत्येक पटकको प्रयासमा बिरालाले समयमानै खाना खाना सक्थ्यो । अतः सिकाई भनेको ठिक व्यवहारलाई आत्मासात गर्ने र वेठिक व्हारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरु गर्दा गर्दै र प्रतिक्रियाहरु देखाउदै जादा अचानक सफलता प्राप्त गर्दै जानु र सही समाधानको प्रयासले मात्र सिकाइ स्थायी र प्रभावकारी हुने कुरामा जोड दिएको छ ।

फेयोल, (१९१६) का अनुसार प्रशासनिक व्यवस्थापनको सिद्धान्त भनेको प्रतिक्रिया, पद्धति र कार्यको आधारमा विकसित भएको सिद्धान्त हो । यस सिद्धान्तलाई व्यवस्थापन प्रक्रियाको सिद्धान्त पनि भनिन्छ । उनले व्यवस्थापकहरुलाई प्रष्ट मार्गदर्शन गर्न र व्यवस्थापन कार्यको अभ्यासलाई व्यवस्थित गर्न जोड दिएका छन् । फेयोलले प्रशासनिक व्यवस्थापनको कार्यलाई योजना बनाउने, सङ्गठन गर्ने, आदेश दिने, समन्वय गर्ने र नियन्त्रण गर्ने कार्यको रुपमा प्रस्तुत गरेका छन् । यसै गरी उनले व्यवस्थापनका लागि प्राविधिक, वाणिज्य, वित्तीय, सुरक्षा, लेखा र व्यवस्थापकीय क्रियाकलापहरु पनि उल्लेख गरेका छन् । उनको सिद्धान्त अनुसार प्रत्येक कामदारले गर्ने काम स्पष्ट रुपमा विभाजन गर्नु पर्दछ । सङ्गठनमा काम गर्ने कर्मचारीको पद, स्तर र क्षमता अनुसार अधिकार दिनु पर्दछ । सङ्गठनमा काम गर्ने व्यक्तिहरुलाई एउटै व्यक्ति वा निश्चित व्यक्तिले आदेश दिनु पर्दछ । सस्थामा व्यक्तिगत हितलाई समेत स्वीकार गरी सामूहिक हितलाई समन्वय गरी अगाडि बढ्नु पर्दछ भनेका छन् । यसै गरी संघसंस्थामा कार्यरत कर्मचारीहरुलाई उनीहरु सन्तुष्ट हुने गरी सेवा, सर्त,सुविधा र पारिश्रमिकको व्यवस्था गर्नू पर्दछ । केन्द्रीय निर्देशनका आधारमा संघसस्थालाई क्रियाशिल बनाइनु पर्दछ । उनले भनेका छन् सही व्यक्तिलाई सही ठाउँमा राख्ने व्यवस्था मिलाउनु पर्दछ र प्रत्येक कामदारलाई न्यायको भावना र निश्पक्षताको आभास दिन सक्नुपर्दछ । सस्थामा काम गर्ने

सबैमा सस्थाको उदेश्य प्राप्तिमा सामूहिक रुपमा उपयोगि भावनाका साथै जुट्नुपर्छ भन्ने सुझाव दिएका छन् ' (कोइराला एण्ड श्रेष्ठ, २०६६)।

व्यवस्थापनका क्षेत्रमा फेयोलको प्रशासनिक व्यवस्थापनको सिद्धान्तले पनि ठूलो प्रभाव पारेको छ । यसवाट विद्यालयको शिक्षा क्षेत्रलाई अलग राख्न सकिदैन । यो सिद्धान्तले विद्यालय व्यवस्थापकलाई भौतिक व्यवस्थापनको कार्यमा जुटेर अधिकतम शैक्षिक उपलब्धि हासिल गराउन सुहयोग गर्दछ। योजना बनाउन, सङ्गठन गर्न, आदेश दिन, समन्वय गर्न र नियन्त्रण गर्नका लागि यो सिद्धान्तको प्रयोग विद्यालय व्यवस्थापनमा भएको पाइन्छ । यसर विद्यालय व्यवस्थापनमा सरोकारवाला व्यक्तिहरु प्र.अ् , शिक्षक, कर्मचारी, वि.व्य.स., वि.नि. , स्रोत व्यक्ति,अभिभावक आदि सबैलाई मैत्रिपूर्ण र उत्तरदायी भूमिकाा निर्वाह गर्न सहयोग गर्ने भएकाले यो सिद्धान्तलाई यस अध्ययनमा राखिको छ ।

## २.२ पुनरावलोकनको उपदेयताः

कुनै पनि विषयवस्तु घट्नासम्बन्धि अध्ययन अनुसन्धानकालागि पहिले नै स्थापित भएका सिद्धान्तहरु र सम्बन्धित विभिन्न पूर्प साहित्यलाई आधारमानेर कुनै पनि अध्ययन अनुसन्धान गर्दा अनुसन्धानकर्ताले मूर्तरुप लिन सक्तछ । यहाँ सामूदायिक माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक अवस्था शीर्षकमा शोधकार्य गरिएको छ ।

अध्ययन गरिएको विभिन्न साहित्य, लेख, शोधपत्र, प्रतिवेदनले सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक व्यवस्थापनको पक्षलाई उजागर गरेका द्धछन् । माध्यमिक तहमा भौतिक स्रोत साधनको कमी रहेको, भौतिक सुविधाको अभाव भएको फलस्वरुप शैक्षिक अवस्था समेत कम्जोर रहेको, प्र.अ. , वि.व्य.स. पदाधिकारीहरुले व्यवस्थापन सम्बन्धि तालिम प्राप्त गर्न नसकेको, शिक्षकहरुले प्राप्त गरेका तालिमको ज्ञानलाई व्यवहारमा उर्तान नसकेको जस्ता भौतिक र शैक्षिक व्यवस्थापन पक्षसँग सम्बन्धित विषयलाहरुलाई सात्यिको पुनरावलोकनका रुपमा लिन सकिन्छ । यस अध्ययनमा माध्यमिक तहमा भौतिक र शैक्षिक समस्या सरोकारवालाहरुले

राखेका दृष्टिकोणलाई महत्वका साथ हेरिएको छ । मा.वि. तहको भौतिक र शैक्षिक व्यवस्थापनका सम्बन्धमा गरिएका विभिन्न अनुसन्धानहरुले भौतिक र शैक्षिक स्रोतसाधनहरुको प्रयोग र परिचालन सुव्यवस्थित ढङ्गले हुननकेको तथा विद्यालयहरुमा शैक्षिक उपलब्धि हासिह गर्नका लागि भौतिक सुविधाहरु पर्याप्त मात्रामा नभएको विद्यालयले अपेक्षा गरेका उदेश्यहरुनै प्रभावित बन्ने गरेको छ । तसर्थ यसको अध्ययनले माध्यमिक तहको स्रोत व्यवस्थापनको सुधारमा केही हदसम्म थप सहयोग पुग्ने आशा लिइएकोछ ।

यसै गरी फेडरिक विन्स्लो टेलरले प्रतिपादन गरेका वैज्ञानिक व्यवस्थापनकको सिद्धान्त र हेनरिक फेयोलले प्रतिपादन गरेका प्रशासनिक व्यवस्थापनका सिद्धान्तहरु भौतिक र शैक्षिक व्यवस्थापनको अध्ययन सँग सान्दर्भिक र औचित्यपूर्ण छ । सम्पूर्ण व्यवस्थापकीय पद्धतिमा ध्यान दिई वैज्ञानिक ढङ्गले विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापनको समस्यालाई समाधान गर्न यहाँ उल्लेख गरिएका दुबै विद्वानका सिद्धान्तहरुको भुमिका महत्वपूर्ण छ । यस सन्दर्भमा वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कार्यशैलीमा परिवर्तन कामदारलाई तालिमको व्यवस्था, व्यवस्थापक र कामदार वीचमा स्पष्ट कार्यविभाजन, काम गर्ने समय, कार्यको जिम्मेवारी, जस्ता कुराहरुमा विशेष जोड दिइएको छ । यता प्रशासनिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्य स्पष्ट, कर्मचारीको पद र स्तर अनुसारको जिम्मेवारी, एउटै उदेश्य, सामूहिक स्वार्थ, सेवा/सुविधाको निश्चितता सही ब्यक्तिको सही ठाँउमा नियुक्ति, न्याय र निश्पक्षताको आभास, पेशाप्रति उत्प्रेरणा, जागीरको स्थायित्व, कामप्रति लगनशीलता, सहयोगी भावना आदि कुराहरु उल्लेख गरिएका छन्

यसर्थ टेलर र पेयोलका सिद्धान्तहरुलाई अवलम्बन गर्न सकेमा सामुदायिक विद्यालयको शैक्षिक र भौतिक व्यवस्थापनका वारेमा विविध सुचना, जानकारी र आवश्यक तथ्याङ्कहरु प्राप्त गर्न सकिने हुँदा त्यसवाट प्राप्त निश्कर्षका आधारमा व्यवस्थापनमा देखिएका समस्याहरुलाई सहज र सरल तरिकाले समाधामन गर्न सकिन्छ ।शैक्षिक र भौतिक व्यवस्थापन वैज्ञानिक ढङ्गले गर्न सकिएमा सामुदायिक विद्यालयले अपेक्षा गरेको उदेश्य

प्राप्त गर्नुका साथै राष्ट्रिय शिक्षा विकासमा समेत यसले थप मद्त पुऱ्याउन सक्तछ । यसरी यस शोधपत्र लेखन कार्यको सिलसिलामा अध्ययन गरिएका साहित्य तथा सिद्धान्तहरुले सामुदायिक माध्यमिक विद्यालय तहको शैक्षिक र भौतिक अवस्थालाई चुस्तदुरुस्त राख्न, शिक्षाको गुणस्तर अभिबृद्धि गर्न र अधिकतम सिकाइ उपलब्धि हासिल गर्न सकिने भएकाले यसैलाई अध्ययनको पुनरनवलोकनको उपदेयताका रुपमा लिइएकोछ ।



# परिच्छेद–तीन

# अनुसन्धान विधि

## ३.१ अनुसन्धान ढाचाः

अनुसन्धान कार्यका लागि तयार पारिने बृहत योजना तथा रणनीतिलाई अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययन "सामूदायिक विद्याल यको भौतिक र शैक्षिक अवस्थाका विश्लेषण" विश्लेणण गर्नका लागि गुणात्मक अनुसन्धान ढाचा अर्न्तगत वर्णनात्मक विधिको प्रयोग गरियो साथै नमूना छनौटका लागि उदेश्यमूलक र सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरियो । यस अध्ययनलाई उदेश्यपूर्ण बनाउन निम्नानुसारको अनुसान्धन रणानितिको प्रयोग गरियोः

**अनुसन्धान रणनीति**

| क्र.स. | उदेश्यहरु | प्रतिक्रियादाताहरु | साधनहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रश्नावली | छलफल | अवलोकन | अर्न्तवार्ता |
| १ | सामूदायिक माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक र शैक्षिक अवस्थाको पहिचान गर्ने | प्र.अ. | | | | √ |
| | | शिक्षक | | √ | | |
| | | विद्यार्थी | √ | | | |
| | | वि.नि | | | √ | |
| | | स्रोत व्यक्ति अवलोकन | | | √ | |
| २ | सामूदायिक माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक र शैक्षिक समस्याहरु पत्तालगाउने | प्र.अ. | | | √ | √ |
| | | शिक्षक | √ | √ | | |
| | | विद्यार्थी | √ | √ | | |
| | | वि.नि | | | √ | |
| | | स्रोत व्यक्ति अवलोकन | | | √ | |
| ३ | सामूदायिक माध्यमिक विद्यालयहरुको वर्तमान भौतिक र शैक्षिक अवस्थाको प्रति सरोकारवालाहरुको धारणा पत्तालगाउनु | प्र.अ. | | | | √ |
| | | शिक्षक | √ | √ | | |
| | | विद्यार्थी | √ | √ | | |
| | | वि.नि | | | √ | |
| | | स्रोत व्यक्ति अवलोकन | | | √ | |

### ३.२ जनसङ्ख्याः

विराटनगर महानगरपालिका भित्र पर्ने सामुदायिक माध्यमिक विद्यालयहरुका प्र.अ.हरु, शिक्षकहरु, विद्यार्थीहरु, वि.नि. र स्रोत व्यक्तिहरुलाई जनसङख्याका रुपमा लिएको छ ।

### ३.३ नमूना छनौट र आधारहरुः

सुविधाजनक नमूना छनौट विधि अनुसार मोरङ जिल्लाको विराटनगर महानगर पालिका अर्न्तगतका ५ वटा विद्यालयहरु छनौट गरियो । उदेश्यमूलक नमूना छनौट विधि अनुसमार प्रयोगात्मक कार्यका लागि छनौटमा परेका माध्यमिक विद्यालयका (कक्षा-९ र १०) मा अध्ययनरत १०/१० जना गरी ५० जना विद्यार्थीहरु छनौट गरियो । त्यस्तै गरेर सुधिाजनक तथा उदेश्यमूलक नमूना छनौट विधि अनुसार सम्बन्धित विद्यालयवाट १/१ जना प्र.अ., २/२ जना शिक्षकहरु, २ जना स्रोत व्यक्ति र १ जना विनि छनौट गरियो ।

### ३.४. तथ्याङ्क सङ्कलनका स्रोतहरुः

यस अध्ययनमा सूचना सङ्कलन गर्नका लागि दुईवटा स्रोतहरुको प्रयोग गरियो :

### ३.४.१ प्राथमिक स्रोतहरु

अनुसन्धानकर्ताले सम्वन्धित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा स्वंयम आफू उपस्थिती भएर विद्यालयका शिक्षकहरु, विद्यार्थीहरु, प्रधानाध्यापक र अभिभावककहरु समक्ष विभिन्न वन्द र खुल्ला प्रश्नावली मार्फत विद्यालयको भौतिक र शैक्षिक अवस्थाको जानकारी लिई सुझाव संकलन गरियो ।

### ३.४.२ सहायक स्रोतहरु

यसमा खास गरी पुस्तक, पत्रपत्रिकाहरु, शौक्षिक बुकलेटहरु अध्ययन गरिएको थियो । र उक्त सामाग्रीहरु विशेषगरी त्रि. वि. केन्द्रिय पुस्तकालय,

शिक्षा मन्त्रालय, पाठ्यक्रम स्रोत केन्द्र आदि संस्थाहरुवाट अध्ययन गरिएको थियो । परीक्षा नतिजा हेर्नका लागि सम्वन्धित विद्यालयको रेकर्ड फाइलवाट गतसालको एस.ई.ई.को विद्यार्थीहरुको प्राप्ताङ्क रेकर्ड लिएर अध्ययन गरियो ।

### ३.५ तथ्यांक सङ्कलनका साधनहरुको निर्माणः

यस अध्ययन कार्यका उदेश्यहरु प्राप्त गर्ने र अनुसन्धान प्रश्नहरुको उत्तर खोज्नका लागि निम्नानुसारका साधनहरुको निर्माण गरियो ।

#### ३.५.१. प्रश्नावली :

यस कार्यका लागि छनौटमा परेका प्रत्येक माध्यमिक विद्यालयमा अध्ययनरत १०/१० जना विद्यर्थीहरु मार्फत माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि खुल्ला प्रश्नपत्र निर्माण गरी आवश्यक सूचना सङ्कलन गरियो।(अनुसूचि-१)

#### ३.५.२ अर्न्तवार्ता निर्देशिकाः

यस कार्यका लागि छनौटमा परेका विराटनगर महानगरपालिकाका सामुदायिक माध्यमिक विद्यालयका (कक्षा-९ र १०) मा अध्ययनरत १०/१० जना गरी ५० जना विद्यार्थीहरु छनौट गरियो । त्यस्तै गरेर सुधिाजनक तथा उदेश्यमूलक नमूना छनौट विधि अनुसार सम्बन्धित विद्यालयवाट १/१ जना प्र.अ., २/२ जना शिक्षकहरु, २ जना स्रोत व्यक्ति र १ जना विनि वाट माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि सूचना सङकलन गरियो । अनुसूचि-१२,३ र ४

#### ३.५.३. लक्षित समूह छलफलः

नमूना छनौटमा परेका ५ वटा विद्यालयका २० जना शिक्षकहरुको समूहमा लक्ष्यित समूह छलफल निर्देशिका निर्माण गरी सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि छलफल चलाई आवश्यक सूचना सङ्कलन गरियो ।अनुसूची ५)

**३.५.४ अभिलेखको अध्ययन:**

नमूना छनौटमा परेका सामुदायिक विद्यालयबाट माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि सूचना सङ्कलन गरियो ।(अनुसूची ६)

**३.५.५ दस्तावेज अध्ययन:**

सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि भौतिक तथा शैक्षिक अवस्थाको दस्तावेजको अध्ययन गरी आवश्यक सूचना सङ्कलन गरियो ।

**३.६ साधनको वैद्यता:**

यस अध्ययन अनुसन्धान गर्नका लागि शोधकर्ताले निर्माण गरेका साधनहरुको वैद्यता शोधनिर्देशकलाई देखाई आवश्यकता अनुसार परिस्कृत एवम् परिमार्जन गरी वैद्यता निर्धारण गरियो ।

**३.७ थथ्याङ्क सङ्कलन प्रक्रिया:**

यस अध्ययनमा तथ्याङ्क सङ्कलन गर्नका लागि विभिन्न साधनहरुको प्रयोग गरी निम्नलिखित प्रक्रिया अपनाइयो ।

**३.७.१ प्रश्नावलीको प्रयोग :**

सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण गर्नका लागि अनुसूची-१ मा दिइएका खुल्ला प्रश्नावलीको प्रयोग गरेर विद्यार्थीहरुलाई शोधकर्ता आफैले तथ्याङ्क सङ्कलन गरियो ।

**३.७.२ अर्न्तवार्ता :**

यस अध्ययनका लागि शोधकर्ता आफैले छनौटमा परेका विद्यालयमा गई" सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण, यसको प्रभावकारिता र यस सँग सम्बन्धित समस्याहरु र समाधान

सम्बन्धमा अनुसूची-२ मा उल्लेखत अर्न्तवार्ता सूचीको प्रयोगरी स्रोत व्यक्तिवाट अनुसूची-३ मा उल्लेखित अनर्तवार्ताको सूची को प्रयोग गरी प्र.अ. हरुवाट र वि.नि र शिक्षकहरुवाट अनतृवार्ताको अनुसुची ४ र ५ वाट तथ्याङ्कलन गरिनेछ ।

### ३.७.३ लक्षित समूह छलफलः

नमूना छनौटमा परेका विद्यालयका एउटै प्रकृति, समान उदेश्य र समान विशेषता भएका १० जना शिक्षकहरुलाई एक ठाउमा भेला गरी अध्ययनकर्ता आफै एक जना सहयागीका साथमा उपस्थित भई अनुसुची ६ मा उल्लेखित लक्ष्यित समूह छलफल निर्देशिकाको प्रयोग गरी छलफल चलाई आवश्यक सूचना सङ्कलन गरियो ।

### ३.७.४ अभिलेख अध्ययनः

नमूना छनौटमा परेका विद्यालयमा अध्ययनकर्ता आफै गई सामूदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको विश्लेषण वास्तविक अवस्था पत्तालगाउनका लागि अनुसुचीवाट सङ्कलन गरियो ।

### ३.७.५ दस्तावेज अध्ययनः

नमूना छनौटमा परेका विद्यालयमा अनुसन्धानकर्ता आफै उपस्थित भई सामूदायिक माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक अवस्थाको विश्लेषण गर्न समबन्धित विदालयको अभिलेख तथा दस्तावेजहरुको अधययन गरी आवश्यक सूचना सङ्कलन गरियो ।

### ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया :

प्रस्तुत अध्ययना लागि सङ्कलित सूतना, तथ्याङ्कलन विश्लेषण गर्न गुणात्मक विधि तथा वर्णनात्मक तरिका अवलम्वन गरियो । तथ्याङ्क सङ्कलन गरेपछि आवश्यकता अनुसार व्याख्या, तालिकाको निर्माण तथा निश्कर्ष निकाली विश्लेषण गरियो ।

# परिच्छेद -चार

# तथ्याङ्कको विश्लेषण र परिणामको व्याख्या

शोधपत्र तयारीका लागि मोरङ जिल्ला विराटनगर महानगरपालिकाका पाँचवटा सामुदायिक विद्यालय तहमा सामुदायिक माध्यमिक विद्यालयको भौतिक र शैक्षिक अवस्थाको वास्तविक जानकारी हासिल गर्न अनुसुचिमा उल्लेखित साधनहरु प्रश्नावली, अर्न्तवार्ता सूचि, लीक्ष्यत समुह छलफल, निर्देशिका, अवलोकन, अभिलेख अध्ययन, दस्तावेज अध्ययन आदिवाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको थियो । यसरी निम्नानुसार विश्लेषण प्रश्तुत गरियो ।

## ४.१ भौतिक व्यवस्थापनको अवस्थाः

यस शीर्षक अनुसार अध्ययन गरिएको विद्यालयहरुको भवन, कक्षाकोठा, शौचालय, खेलमैदान, कम्पाउण्डवाल, खानेपानी, फर्निचर, पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री,फूलवारी, सञ्चारका साधन, चमेनागृह, छात्रावास आदिको व्यवस्थापन सम्बन्धमा व्याख्या तथा विश्लेषण गरियो ।

### ४.१.१ विद्याय भवन र कक्षाकोठाको व्यवस्थापनः

कुनै पनि विद्यालयमा उपलब्ध भौतिक सुविधाले शिक्षाको गुणस्तर र उपलब्धि स्तरमा प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । तसर्थ विद्यालयले भौतिक स्रोतसाधन जुटाउनका लागि यथेष्ट लगानी गर्नुपर्दछ । शैक्षिक व्यवस्थापन पक्ष जतिसुकै राम्रो भएपनि पर्याप्त भौतिक सुविधाको अभावमा निर्दिष्ट लक्ष्य तथा उदेश्यहरु हासिल गर्न सकिदैन । शिक्षण सिकाइको वातावरण निर्माण गर्न र सिकाइलाई प्रभावकारी बनाउनको लागि विद्यालयमा पर्याप्त भौतिक सुविधाहरुको व्यवस्था मिलाइएको हुनुपर्दछ । अध्ययनको निमित्त नमुना छनौटमा परेका पाँचवटा सामुदायिक विदालयहरुको आ-आफ्नै स्वामित्वमा विद्यालय भवनहरु रहेका छन । यि पाँचै वटा विद्यालयका भवनहरु पक्की र शिक्षण सिकाइक्रियाकलापका लागि चाहिने पर्याप्त सुविधा भएका

कक्षाकोठाहरु रहेका छन् । अध्ययनमा परेका विद्यालयका भवन र कक्षाकोठाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ विद्यालय भवन र कक्षाकोठाको विवरण**

| विद्यालयको नाम | विद्याय भवन सङख्या र संरचना | कक्षाको लागि छुट्याएको कोठा सङ्ख्या |
|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | ५ वटा पक्की, १ निर्माणधिन | १७ |
| श्री गोग्राहा माध्यमिक विद्यालय, विराटगर | ७ वटा पक्की | १५ |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | ६ वटा पक्की | १७ |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ३ वटा पक्की, १ निर्माणाधिन | १४ |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | ६ वटा पक्की | २७ |

स्रोतः स्थलगत सर्वेक्षण : २०७४

माथिको तालिका नं. १ अनुसार अध्ययन गरिएका पाँचै वटा विद्यालयहरुको भवन आफ्नै स्वामित्वमा रहेको पाइयो । श्री जनपथ मा.वि.को एउटा भवन निर्माणधिन र श्री शिक्षा सदनको एउटा भवन निर्माणाधिन अवस्थामा रहेको पाइयो । शिक्षण सिकाइक्रियाकलापका लागि पर्याप्त कक्षाकोठा भएको पाइयो।

**४.१.२ खेल मैदान , कम्पाउण्डवाल, खानेपानी र शौचालयको अवस्थाः**

कुनै पनि दिद्यालयमा खेलमैदान, शौचालय, कम्पाउण्डवाल तथा खानेपानीलाई आधारभूत आवश्यकताका भौतिक स्रोत-साधनका रुपमा लिइन्छ । यस्ता आधारभूत आवश्यकताका कुराहरुलाई परिपुर्ति गर्न सकेमात्र वालवालिकाहरुको पढाईमा रुचि बढाउका साथै उनीहरुका शाररिक, मानसिक एवम् संवेगात्मक विकासमा महत्वपूर्ण पुग्न सक्तछ । कम्पाउण्डवालले दिवलयको शैक्षिक वातावरणलाई धमिलिन नदिई स्वच्छ, स्वस्थ्य राख्न र भवनको सुरक्षा गर्न सहयोग गर्दछ ।

**तालिका नं. २ खेल मैदान , कम्पाउण्डवाल, खानेपानी र शौचालयको अवस्था**

| **विद्यालयको नाम** | **खेलमैदान** | **कम्पाउण्डवाल** | **खानेपानी** | **शौचालय** |
|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | भएको | भएको | ट्युवेल -२ प्रयोगमा आइरहेको खाने पानी धारा-१ | ३ वटा छात्र, ३ वटा छात्रा |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटनगर | भएको | भएको | ट्युवेल -२ प्रयोगमा आइरहेको खाने पानी धारा-१ | ४ वटा छात्र, ३ वटा छात्रा |
| श्री सत्यनारायण माध्यमिक विद्यालय, विराटनगर | भएको | भएको | ट्युवेल -२ प्रयोगमा आइरहेको खाने पानी धारा-१ | ४ वटा छात्र, ३ वटा छात्रा |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय, विराटनगर | भएको | भएको | ट्युवेल -२ प्रयोगमा आइरहेको खाने पानी धारा-१ | ३ वटा छात्र, २ वटा छात्रा |
| श्री आदर्श माध्यमिक विद्यालय, विराटनगर | भएको | भएको | ट्युवेल -२ प्रयोगमा आइरहेको खाने पानी धारा-१ | ३ वटा छात्र, ३ वटा छात्रा |

स्रोतः स्थलगत सर्वेक्षण : २०७४

माथिको तालिका नं. २ अनुसार पाँचैवटा विद्यालयमा खेलमैदान पर्याप्त रहेको पाइयो । पाँचैवटा विद्यालयमा खानेपानी, कम्पाउण्डवाल र शौचालय पर्याप्त रहेको पाइयो । टेलर र फियोलको व्यवस्थापनको सिद्धान्त अनुसार अध्ययन गरिएका विद्यालयहरुमा खेल मैदान, कम्पाउण्डवाल, खानेपानी र शौचालय भौतिक सुविधाहरु भएको पाइयो ।

### ४.१.३ पुस्तकालय, प्रयोगशाला, र छात्रावासको अवस्थाः

सेद्धान्तिक ज्ञानलाई पूर्ण गर्न तथा पाठ्यपुस्तक भन्दा वाहिरको थप ज्ञान हासिल गर्नैका लागि प्रयोगशाला र पुस्तकालयको व्यवस्तापन गर्नु पर्दछ । खास गरी विज्ञान विषयको शिक्षण कार्यलाई प्रभावकारी बनाउनका लागि प्रयोगशालाको आवश्यकता पर्दछ । यसै गरी विभिन्न कारणले गर्दा विद्यार्थीहरु घरवाट विद्यालय जानआउन र अध्ययन गर्न असजिलो महशुस गरिरहेका हुन्छन्। अध्ययन गर्न सजिलोहोस भनेर विद्यालयले छात्रर छात्राका लागि छुट्टाछुटै छात्रावासको प्रबन्ध मिलाउनु पर्दछ ।

**तालिका नं. ३ पुस्तकालय, प्रयोगशाला, र छात्रावासको अवस्था**

| विद्यालयको नाम | प्रयोगशाला | पुस्तकालय | छात्रावास |
|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | भएको | भएको | नभएको |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटगर | भएको | भएको | नभएको |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | भएको | भएको | नभएको |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | भएको | नभएको | नभएको |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | भएको | भएको | नभएको |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४

माथिको तालिका नं.३ अनुसार अध्ययन गरिएका पाँचैवटा प्रयोगशाला पर्याप्त भएको पाँचवटा मध्ये चारवटामा पुस्तकालय भएको र श्री शिक्षा सदन विद्यालयमा पुस्तकालय नभएको र छात्रावास कुनै पनि विद्यालयमा नभएको पाइयो । यो अवस्थालाई हेर्दा टेलर र फियोलको व्यवस्थापनको सिद्धान्त अनुसार विद्यालय व्यवस्थापन समिति, प्र.अ. ले प्रयोगशाला, पाठ्यपुस्तक तथा छात्रावासको उचित प्रबन्ध मिलाउन सके शैक्षिक उपलब्धि बृद्धि हुँदै जान सक्ने कुराको विश्लेषण गर्न सकिन्छ ।

### ४.१.४ अफिस कोठा, स्टाफ कोठा, स्वास्थ्य उपचार कक्ष र चमेनागृहको अवस्थाः

विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक, भौतिक सम्पूर्ण पक्षको काम गर्न अफिस कोठाको आवश्यकता पर्दछ । शिक्षक/शिक्षिकहरुले आराम गर्न , आफ्ना सामानहरु राख्न, शिक्षणकार्यको लागि तयारी हुन, एकआपसमा छलफल गर्न स्टाफ कोठाको आवश्यकता पर्दछ । विद्यार्थीहरु वाहिर र भित्र गर्दा, खेल्दा, बस्दा र उठ्दा कुनै पनि समयमा चोटपटक लाग्न सक्दछ । यस्तो वेलामा विद्यालयले तुरुन्तै प्राथमिक उपचार गर्नु पर्दछ । यस कार्यका लागि छुट्टै र व्यवस्थित एउटा स्वास्थ्य उपचार कक्ष हुनुपर्दछ । यसै गरी विद्यालय समयमा विद्यार्थीहरुलाई भोक लागेको समयमा खाजा, पानी खानका लागि विद्यालयले चमेनागृहको व्यवस्था गर्नुपर्दछ ।

तालिका नं. ४ अफिस कोठा, स्टाफ कोठा, स्वास्थ्य उपचार कक्ष र चमेनागृहको अवस्था

| विद्यालयको नाम | अफिस कोठा | स्टाफ कोठा | स्वास्थ्य उपचार कक्ष | चमेना गृह |
|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | १ | १ | नभएको | नभएको |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटनगर | १ | १ | नभएको | नभएको |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | १ | १ | नभएको | नभएको |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | १ | १ | नभएको | नभएको |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | १ | १ | नभएको | नभएको |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४

माथिको तालिका नं. ४ अनुसार पाँचैवटा विद्यालयमा स्वस्थ्य उपचार कक्ष र चमेनागृह नभएको पाइयो । यसलाई दृष्टिगत गर्दा पाचैवटा माध्यमिक विद्यालयमा प्राथमिक स्वस्थ्य उपचार कक्षको व्यवस्था गर्नु पर्ने देखियो । पाचैवटा विद्यालयमा अफिसकोठा र स्टाफ कोठा उपलब्ध भएकाले शिक्षक/शिक्षिकाहरु फुर्सदको समयमा आराम गर्न, शिक्षणकार्यका लागि तयारी गर्न, एकआपसमा छलफल गर्न भने अभाव रहेको पाइएन ।चमेनागृहको अभाव भएकाले भोक लागेका वेलामा विद्यार्थीहरुले खाजा, पानी पनि खान नपनउदा पढाईमा असर पारिरहेको छ । यस्तो परिस्थितिमा विश्वमा स्थापित दिद्वानहरु टेलर र फियोलको व्यवस्थापनको सिद्धाचन्त बमोजिम उक्त भौतिक सुविधाहरु जुटाउन सकेको खण्डमा विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न सकिने कुराको विश्लेषण गर्न सकिन्छ ।

**४.१.५ कालो पाटी,डेक्स/बेन्च, साइकल/मोटरसाइकल स्ट्याण्डको अवस्थाः**

विद्यालयको लागि नभई नहुने भौतिक सुविधाका साधनहरु मध्ये कालो पाटी,डेक्स/बेन्च, पर्दछन । यी साधनहरुको अभावमा शिक्षण कार्य गर्न कठीन हुन्छ । साधरणतया ३×४.५ फिटको नाप भएको कालो पाटीलाई उपयुक्त मानिन्छ । कालो पाटीलाई वेलावेलामा रङरोगन र मर्मत सम्भार पनि गरिरहनु पर्दछ । यसै गरी तह र उमेर अनुसारको बेन्च/डेक्सको व्यवस्था मिलाउनु पर्दछ । मा.वि. तहका लागि २२ र २६ इन्चको डेक्स र बेन्च उपयुक्त मानिन्छ ।शिक्षक र विद्यार्थी दुवैका लागि आरामदायस् बस्तुको रुपमा प्रयोगमा आउने साइकल, मोटरसाइकलहरु राख्ने ठाँउको उचित प्रबन्ध मिलाएको हुनुपर्दछ ।

तालिका नं. ५ कालो पाटी,डेक्स/बेन्च, साइकल/मोटरसाइकल स्ट्याण्डको अवस्था

| विद्यालयको नाम | कालो पाटी | डेक्स/बेन्च | साइकल/मोटरसाइकल स्ट्याण्ड |
|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | १५ | २७५ | नभएको |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटगर | १९ | ३०० | नभएको |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | १७ | २७५ | नभएको |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ११ | २२५ | नभएको |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | २० | ३२५ | १ |

स्रोत: स्थलगत सर्वेक्षण: २०७४

तालिका नं ५ अनुसार अध्ययन गरिएका पाँचैवटा विद्यालयहरुमा भएका कालोपाटीहरु उपयुक्त भएको पाइयो । विद्यार्थीहरुको तह र उमेर अनुसार डेक्स र बेन्च ठीक र उपयुक्त रसाथै पर्याप्त मात्रामा भएको पाइयो । श्री आर्दश मा.वि. बाहेकका अन्य विद्यालयमा साइकल स्ट्याण्ड नभएको पाइयो । यसर्थ टेलर र फेयोलको व्यवस्थापनका सिद्धान्तका आधारमा भौतिक सुविधाका अति आवश्यक साधनहरु कालोपाटी, डेक्स र बेन्चको उचित प्रबन्ध मिलाउन सके शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सकिने कुराको विश्लेषण गर्न सकिन्छ ।

### ४.१.६ झ्याल/ढोका, छाना/छत,कार्पेट र विद्याथीको पोशाकको अवस्था:

कुनै पनि विद्यालयको कक्षाकोठामा झ्याल र ढोकाको अवस्था राम्रो हुनु पर्दछ । झ्यालमा पल्ला र चुकुलको व्यवस्था हुनुपर्दछ । कक्षाकोठामा सजिलो गरी हावा आदान प्रदान हुने हुनु पर्दछ । विद्यार्थीहरुलाई वाहिरभित्र आउन जान सजिलो हुने गरी ढोकाको व्यवस्था मिलाएको हुनुपर्दछ । ढोकामा चुल र ताल्चाको प्रयोग भएको हुनु पर्दछ । छत र छाना पानी नचुहिने हुनुपर्दछ । जाडोमा हावा चलेको वेला छानाको जस्तापाता हल्लिएर आवाज आउने हुनहुदैन । कार्पेट भएको कक्षाकोठामा विद्यार्थीहरुलाई जुत्ताचप्पल

खोलेर पस्ने व्यवस्था मिलाउनु पर्दछ । विद्यालयमा विभिन्न जाती, भाषा, धर्म, वर्ण, लिङ्ग र औकातका वालवालिकाहरु हुन्छन । यि सबै वालवालिकाहरुका विभेदकारी र हिनताको भावना होइन समानता र एकताको भावना पैदा होस भनेर विद्यालयले विद्यार्थीहरुलाई एकै खाले पोशाकको व्यवस्था मिलाएको हुनुपर्दछ ।

तालिका नं. ६ झ्याल/ढोका, छाना/छत,कार्पेट र विद्यार्थीको पोशाकको अवस्था

| **विद्यालयको नाम** | **झ्याल/ढोका** | **छाना/छत** | **कार्पेट** | **पोशाक** |
|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | राम्रो | ढलान | नभएको | भएको |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटनगर | राम्रो | ढलान | नभएको | भएको |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | राम्रो | ढलान | नभएको | भएको |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | राम्रो | ढलान | नभएको | भएको |
| श्री आदर्श माध्यमिक विद्यालय, विराटनगर | राम्रो | ढलान | नभएको | भएको |

उपरोक्त तालिका अनुसार पाँचै वटा विद्यालयमा झ्याल ढोकाको राम्रो प्रबन्ध भएको पाइयो । सबै विद्यालयहरुको छाना तथा छत ढलान गरेको पाइयो । पाँचैवटा विद्यालयमा कार्पेट विछ्याएको पाइएन। विद्यार्थीहरुको पोशाक अनिवार्य गरेको पाइयो । टेलर र पेयोलको व्यवस्थापनको सिद्धान्त अनुसार कक्षाकोठाको झ्याल, ढोका तथा छानाको व्यवस्थित व्यवस्था मिलाउन सकेको खण्डमा कक्षाकोठामा गरिने शिक्षणक्रियाकलापलाई सहज ढङ्गले सञ्चालन गर्न सकिने र विद्यार्थी पोशाकले समानता र एकताको भावना पैदा गराउन सक्ने कुराको विश्लेषण गर्न सकिन्छ ।

**४.१.७ फूलवारी, सञ्चार उपकरण, यातायातको साधन तथा विधुतको अवस्था:**

विद्यालयमा शैक्षिक उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउने भौतिक सुविधाका साधनहरु मध्ये सञ्चार उपकरण, यातायातको साधन र विधुतको पनि भूमिका महत्वपूर्ण हुन्छ । शैक्षिक गतिविधिवारे अतिआवश्यक सूचना तथा जानकारी प्राप्त गर्न विद्यालयमा सञ्चार उपकरणको आवश्यक पर्दछ । वालवालिकाहरुलाई सहज ढङ्गले समयमा नै घरवाट विद्यालय आउन र जान विद्यालयले ठीक अवस्थामा रहेको मोटर गाडीको व्यवस्था गर्नुपर्दछ । कक्षाकोठामा विधुत लाइनको उचित प्रबन्ध मिलाइएको हुनुपर्दछ । किनभने जाडो र वर्षाको समयमा झ्याल/ढोका बन्द गरी बत्ति वालेर र गर्मीको समयमा पङ्खा चलाएर शिक्षण कार्य सञ्चालन गर्न सजिलो हुन्छ । त्यसै गरी विधुतिय उपकरणहरु टि.भि., रेडियो, क्यासेट, कम्प्युटर आदिको प्रयोग गरी शिक्षण सिकाइ त्रि,याकलाप सञ्चालन गर्न पनि विधुतको आवश्यकता पर्दछ । विद्यालयमा फुलवारी पनि हुनुपर्दछ । फुलवारीमा भएको हरियाली र ढकमक्क फुलेका विभिन्न जातिका फुलहरुको सुगन्धमय वातावरणले विद्यार्थीहरुको स्मरणशक्तिको विकास गर्न, सकारात्मक सोचको विकास गर्न, विचारधारालाई रुपान्तरण गर्न, दु:ख र पीडालाई भुलाउन तथा सुखी र आनन्दमय जीवन जीउन मद्दत पुऱ्याउदछ ।

तालिका नं. ७ फुलवारी, सञ्चार उपकरण, यातायातको साधन तथा विधुतको अवस्था

| **विद्यालयको नाम** | **फुलवारी** | **सञ्चार उपकरण** | **यातायातको साधन** | **विधुत जडान** |
|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | नभएको | टेलिफोन-१ | नभएको | भएको |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटगर | नभएको | टेलिफोन-१ | नभएको | भएको |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | नभएको | टेलिफोन-१ | नभएको | भएको |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | नभएको | नभएको | नभएको | भएको |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | नभएको | टेलिफोन-१ | नभएको | भएको |

स्रोत: स्थलगत सर्वेक्षण : २०७४

माथिको तालिका नं. ७ अनुसार पाँचैवटा विद्यालयमा फुलवारी नभएको पाइयो। चारवटा विद्यालयमा सञ्चारको साधन टेलिफोन भएको पाइयो भने श्री शिक्षा सदन मा.वि.मा सञ्चारको साधन नभएको पाइयो । पाँचैवटा विद्यालयमा यातायातको साधन नभएको पाइयो । विधुत सुविधा भने पाँचैवटा विद्यालयमा भएको पाइयो ।तसर्थ टेलर र फेयोलको व्यवस्थापन सिद्धन्त अनुसार फुलवारी सञ्चार उपकरण यातायातको साधान र विधुत साधन जस्ता सुविधाको कुराहरुलाई पाँचैवटा विद्यालयले उचित रुपमा व्यवस्थापन र प्रयोग गर्न सकेको अवस्थामा सिकाइ उपलब्धि बृद्धि गर्न सकिने **विश्लेषण गर्न सकिन्छ ।**

## ४.१.८ फर्निचरको ब्यवस्थापन:

कुनै पनि विद्यालयमा टेवल, कुर्सी, दराज, न्याग, पङ्खा जस्ता फर्निचरका साधनहरुको आवश्यकता पर्दछ । अफिसकोठामा, स्टाफ कोठामा, पुस्तकालय, प्रयोगशाला यस्ता साधनहरु नभईकन हुदैन । यसवाहेक हरेक कक्षा कोठामा कम्तिमा एउटा भएपनि टेवल, कुर्सी, दराज र न्यागको व्यवस्थापन मिलाउनु पर्दछ । यसै गरी कक्षाकोठाको आकार र विद्यार्थीको सङ्ख्या अनुसारपङ्खा जोडेको हुनुपर्दछ । शिक्षण कार्यको सिलसिलामा प्रयोगमा आउने यी साधनहरुले शिक्षक र विद्यार्थी दुवैलाई सहजता प्रदान गर्दछ ।

**तालिका नं. ८ फर्निचरको ब्यवस्थापन:**

| विद्यालयको नाम | टेवल | कुर्सी | दराज | न्याग | पङ्खा |
|---|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | ७ | ४५ | १५ | ३ | २० |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटनगर | १२ | ४० | १० | ५ | ६० |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | २५ | ४० | २५ | ६ | ३२ |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ६ | १५ | ४ | ३ | २२ |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | १४ | ५० | १५ | ८ | ५० |

स्रोत:स्थलगत सर्वेक्षण: २०७४

तालिका नं ८ अनुसार अध्ययन गरिएका पाँचैवटा विद्यालयहरुमा फर्निचरका सामानहरु विद्यार्थीलाई पुग्दो देखियो । कक्षाकोठामा विद्यार्थीहरुका लागि बुक कर्नरका लागि दराजको अभाव रहेको पाइयो । यस अध्ययनसँग सम्बन्धित टेलर फयोलको सिद्धान्त अनुसार अध्ययन गरिएका पाँचैवटा विद्यालयहरुको भौतिक साधनहरु विद्यार्थीको अनुपातका कमी हुनका कारण अध्यापन कार्य गर्नुहुने शिक्षक तथा शिक्षिकाहरु र अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई असहजता महशुस भएकाले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पुगेको विश्लेषण गर्न सकिन्छ ।

### ४.१.९ शैक्षिक सामाग्रीको व्यवस्थापनः

शिक्षण सिकाइ कार्यलाई अर्थपूर्ण र प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसारका शैक्षिक सामग्रीहरुको प्रयोग गर्नु पर्दछ । यसको लागि विद्यालयमा कक्षागत, तहगत, विषयगत र पाठ अनुसारका शैक्षिक सामग्रीहरुको व्यवस्थापन मिलाएको हुनुपर्दछ । शिक्षण कार्य गर्दा प्रयोगमा आउने सामग्रीहरुमा खास गरी पाठ्यक्रम, पाठ्यपुस्तक, पत्रपत्रिका, रजिष्टर, चक, डस्टर, ग्लोव,नक्सा, चित्र, शब्दपत्ति, वाक्यपत्ति, फ्लाटिनवोड, कलम, कापी,ज्यामिती बक्स, कैची, मख, वाल्टिन, थाल, ग्लास, कचौरा, भकुण्डो, घडी, घण्टी, रेडियो, टि.भी, कम्प्युटर आदि पर्दछन । शिक्षकले सकभर स्थानीय स्तरमा पाइने सस्तो र सुलभ शैक्षिक सामग्रीको प्रयोग गर्नु पर्दछ ।

**तालिका नं ९ शैक्षिक सामग्रीको व्यवस्थापन**

| विद्यालयको नाम | पाठ्यक्रम | पाठ्यपुस्तक | दैनिक पत्रिका | ग्लोब | नक्सा | फ्लाटिन बोर्ड | भित्ते घडी | घण्टी | रेडियो | टि.भी | कम्प्युटर | चक | डस्टर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | भए को | भए को | भए को | ३ | २ ५ | ३ | २ | १ | १ | नभए को | ७ | भएको | भए को |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटगर | भए को | भए को | भए को | ३ | ५ | ४ | ३ | २ | १ | १ | १५ | भएको | भए को |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | भए को | भए को | भए को | २ | १२ | ५ | ३ | १ | १ | नभए को | १० | भएको | भए को |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | भए को | भए को | नभए को | १ | १ | ३ | १ | १ | नभए को | नभए को | ३ | भएको | भए का |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | भए को | भए को | भए को | ३ | ५ | ५ | २ | २ | १ | १ | १५ | भएको | भए को |

स्रोतः स्थलगत सर्वेक्षणः २०७४

माथिको तालिका नं. ९ अनुसार अध्ययन गरिएका पाँचैवटा विद्यालयहरुमा पर्याप्त शैक्षिक सामग्रीहरु भएको पाइयो । उपलब्ध भएका सामग्रीहरुको उचित व्यवस्थापन गरिएको पाइएन । कतिपय सामाग्रीहरुलाई मिलाएर ठीक-ठीक ठाँउमा नराखिएको र वरीपरि छरपष्ट रुपमा रहेको पाइयो । सबै विद्यालयमा शैक्षिक सामग्रहरु अभाव देखिएको र उपलब्ध भएका मौजुदा सामग्रीहरुलाई व्यवस्थित गर्न प्र.अ., सम्पूर्ण शिक्षकहरु र शिक्षिकाहरु र कर्मचारीहरुले उत्सुकता नदेखाउनु भएको पाइयो । प्रस्तुत तथ्याङ्कहरुको व्याख्या र प्रस्तुतिकरणवाट अध्ययन गरिएका विद्यालयहरुमा भौतिक अवस्था कमजोर रहेको भनी विश्लेषण गर्न सकिन्छ । भौतिक स्रोत साधनको प्रयोग र परिचालन चुस्त दुरुस्त रुपमा हुन नसकेको निचोड निकाल्न सकिन्छ ।

टेलर र फेयोलको व्यवस्थापनको सिद्धन्त अनुसार विश्लेषण गर्दा अध्ययन गरिएका विद्यालयहरुको भौतिक स्रोत साधनहरुलाई अधिकतम सिकाइ उपलब्धि हासिल हुने गरी प्रयोगमा ल्याउन, शिक्षणको प्रभावकारितामा बृद्धि गर्न शैक्षिक गुणस्तर बृद्धि गर्न व्यवस्थापक सफल हुन नसकेको देखिन्छ । विद्यालयमा मौजुदा भौतिक स्रोत साधनको उचित प्रयोग हुन नसक्दा शिक्षण कार्य प्रभावित बनेको विश्लेषण गर्न सकिन्छ ।

**४.२ भौतिक व्यवस्थापनले सिकाई उपलब्धिमा पारेको प्रभावः**

कुनै पनि विद्यालयमा भौतिक स्रोत साधनको उचित व्यवस्थापन हुनु पर्दछ । यसले विद्यालयमा विद्यार्थी भर्नामा बृद्धि हुन्छ । पढाई लेखाई सम्बन्धि अभिरुचि बढ्दछ ।कक्षा छोड्ने सङ्ख्यामा कमी आउँदछ । मेहनत गर्ने वानीको विकास हुन्छ । खेलकुदमा सक्रिय भई सहभागिता जनाउँदछन। परीक्षामा सहभागी हुने विद्यार्थीको सङ्ख्यामा बृद्धि हुन्छ । कक्षागत तथा विषयगत सिकाइ उपलब्धिमा बृद्धि हुन्छ । विद्यार्थीहरु नियमित हुन्छन र पुरा समय कक्षाकामेठामा विताउछन । विद्यार्थीको समस्या र उन्नती रप्रगतिको वारेमा नियमित रुपमा अभिभावकहरुलाई जानकारी हुन्छ । हरेक दिन नयाँ र नौला कुराहरुको खोजी गर्दछन र आफुले जानेका ज्ञानका कुराहरु साथीभाईहरुसँग बाँड्दछन। विद्यालयको शैक्षिक वातावरण स्वच्छ, सफा, सुन्दर र मनमोहक बनाउन उत्प्रेरित हुन्छन ।

**तालिका नं १० भौतिक व्यवस्थापनले सिकाइ उपलब्धिमा पारेको प्रभावको अवस्था २०७४**

| विद्यालयको नाम | विद्यार्थीको भर्ना सङ्ख्या | परीक्षामा सामेल विद्यार्थी सङ्ख्या | विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्या | उत्तिर्ण विद्यार्थी सङ्ख्या | अनुत्तिण विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | ३०० | २९० | १० | २९० | |
| श्री गोग्राहा माध्यमिक विद्यालय, विराटनगर | ४०० | ३७५ | २५ | ३७५ | |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | ३७५ | ३५० | २५ | ३५० | |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | १८० | १६० | २० | १६० | |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | ४५० | ४०० | ५० | ४०० | |

स्रोत : स्थलगत सर्वेक्षण: २०७४

माथिको तालिका नं १० अनुसार २०७३ मा श्री जनपथ मा.वि.को विद्यार्थीको भर्ना सङ्ख्या ३००, परीक्षामा सामेल २९०, **विद्यालय छाड्ने सङ्ख्या १० र उत्तिर्ण सङ्ख्या २९० रहेको छ ।** श्री गोग्रह मा.वि. को विद्यार्थी सङ्ख्या ४००, परीक्षामा सामेल ३७५, **विद्यालय छाड्ने सङ्ख्या २५ र उत्तिर्ण सङ्ख्या ३७५ रहेको छ ।** श्री सत्यनारायण मा.वि. को विद्यार्थी सङ्ख्या ३७५, परीक्षामा सामेल ३५०, **विद्यालय छाड्ने सङ्ख्या २५ र उत्तिर्ण सङ्ख्या ३५० रहेको छ ।** श्री शिक्षा सदन मा.वि. को विद्यार्थी सङ्ख्या १८०, परीक्षामा सामेल १६०, **विद्यालय छाड्ने सङ्ख्या २० र उत्तिर्ण सङ्ख्या १६० रहेको छ र** श्रीआर्दश मा.वि. को विद्यार्थी सङ्ख्या ४५०, परीक्षामा सामेल ४०००, **विद्यालय छाड्ने सङ्ख्या ५० र उत्तिर्ण सङ्ख्या ४०० रहेको छ ।** तसर्थ भौतिक व्यवस्थापनले विद्याथिको सिकाइ उपलव्धिमा राम्रो प्रभाव पारेको देखियो । व्यवस्थापन सिद्धान्तका आधारमा हृर्दा पाँचैवटा विद्यालयको भौतिक व्यवस्थापन पक्ष सुदृढ तुल्याउने हो भने विद्यार्थी भर्ना सङ्ख्या बढाएर कक्षा छोड्ने विद्यार्थीको सङ्ख्या घटाउदै बढी भन्दा बढी विद्यार्थीहरुलाई परीक्षमा

सहभागी गराई उत्तिर्ण विद्यार्थीको प्रतिशत बढाउन सकिने कुराको विश्लेषण गर्न सकिन्छ ।

### ४.३ भौतिक व्यवस्थापनले लिङ्गगत रुपमा सिकाइ उपलव्धिमा पारेको प्रभाव

कुनै पनि विद्यालयमा भौतिक स्रोत साधनको उचित र व्यवस्थित हुनु आवश्यक हुन्छ । यसले विद्यालयमा लिङ्ग मैत्री हुन गई विद्यार्थी भर्नामा बृद्धि हुन्छ । पढाईलेखाइमा विद्यार्थीहरुको अभिरुचि पैदा हुन्छ र कक्षा छोड्ने विद्यार्थी संख्यामा न्युनिकरण हुन्छ । विद्यार्थी नियमित विद्यालयमा उपस्थित हुनाले कक्षागत र विषयगत सिकाई उपलव्धीमा बृद्धि हुन्छ । पुरुष विद्यार्थीको तुलनामा महिला विद्यार्थीले आफ्ना समस्याहरु शिक्षक र प्र.अ.लाई सुनाउन सक्दैनन् । यस्ता समस्या समाधान सम्वन्धि अभिभावकहरुबाट नियमित जानकारी लिई समस्याको समाधान खोज्नाले लिङ्गगत विभेदको अन्त्य भई सिकाई उपलव्धि बढ्न जान्छ ।

**तालिका नं. ११ भौतिक व्यवस्थापनले लिङ्गगत रुपमा सिकाइ उपलव्धिमा पारेको प्रभाव २०७३**

| विद्यालयको नाम | विद्यार्थी भर्ना संख्या | | परीक्षा सामेल विद्यार्थी | | विद्यालय छाड्ने विद्यार्थी संख्या | | उत्तिर्ण विद्यार्थी संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| श्री जनपथ माध्यमिक विद्यालय, विराटनगर | १२० | १८० | ११८ | १७२ | २ | ८ | ११८ | १७२ |
| श्री गोग्राहा माध्यमिक विद्यालय, विराटनगर | १५० | २५० | १४० | २३५ | १० | १५ | १४० | २३५ |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | २०७ | १६८ | १९४ | १५६ | १३ | १२ | १९४ | १५६ |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ८५ | ९५ | ७२ | ७३ | १३ | १२ | ७२ | ७३ |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | २५५ | २२५ | २०० | २०० | २५ | २५ | २०० | २०० |

स्रोत : स्थलगत सर्वेक्षण: २०७४

माथिको तालिका नं ११ अनुसार श्री जनपथ मा.वि.को विद्यार्थीको भर्ना सङ्ख्या पु.१२० र म.१८० गरी ३०० जना विद्यार्थी भर्ना भएकामा पुरुष ११८ र महिला १७२ जना परीक्षामा सामेल भएका मध्ये पुरुक्ष २ र महिला ८ जनाले विद्यालय छोडे । परीक्षामा सामेल विद्यार्थीहरु शतप्रतिशत उत्तिर्ण भए र श्री गोग्राहा मा.वि. विराटनगरमा भर्ना भएका विद्यार्थी संख्या मध्ये पुरुष १५०र महिला २५० गरी जम्मा ४०० जना विद्यार्थी भर्ना भए त्यसमध्ये परीक्षामा सामेल पुरुष १४० र महिला २३५ भए जसमध्ये पुरुष १० र महिला १५ जना विद्यालय छोडे । परीक्षामा सामेल शतप्रतिशत विद्यार्थीहरु उत्तिर्ण भए । श्री सत्यनारायण मा.वि. विराटनगरमा भर्ना भएका विद्यार्थी संख्या मध्ये पुरुष  २०७ र महिला १६८ गरी जम्मा ३७५ जना विद्यार्थी भर्ना भए त्यसमध्ये परीक्षामा सामेल पुरुष १९४ र महिला १५६ भए जसमध्ये पुरुष १३ र महिला १२ जना विद्यालय छोडे । परीक्षामा सामेल शतप्रतिशत विद्यार्थीहरु उत्तिर्ण भए । श्री शिक्षा सदन मा.वि. विराटनगरमा भर्ना भएका विद्यार्थी संख्या मध्ये पुरुष ८५ र महिला ९५ गरी जम्मा १८० जना विद्यार्थी भर्ना भए त्यसमध्ये परीक्षामा सामेल पुरुष ७२ र महिला ७३ भए जसमध्ये पुरुष १३ र महिला १२ जना विद्यालय छोडे । परीक्षामा सामेल शतप्रतिशत विद्यार्थीहरु उत्तिर्ण भए । श्री आदर्श मा.वि. विराटनगरमा भर्ना भएका विद्यार्थी संख्या मध्ये पुरुष २२५ र महिला २२५ गरी जम्मा ४५० जना विद्यार्थी भर्ना भए त्यसमध्ये परीक्षामा सामेल पुरुष २०० र महिला २०० भए जसमध्ये पुरुष २५ र महिला २५ जना विद्यालय छोडे । परीक्षामा सामेल शतप्रतिशत विद्यार्थीहरु उत्तिर्ण भए ।

भौतिक व्यवस्थापनले लिङ्गगत रुपमा सिकाई उपलव्धिलाई राम्रो प्रभाव पारेका देखियो । परीक्षामा लिङ्गगत  रुपमा कुनै प्रभाव पारेको देखिएन ।

## ४.४ भौतिक व्यवस्थापनले जातिगत रुपमा सिकाई उपलव्धिमा पारेको प्रभाव २०७३

कुनै पनि विद्यालयमा भौतिक स्रोत र साधनले महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालयमा विभिन्न जात जातिका बालबालिकाहरु अध्ययन गर्दछन् ।

र उनिहरुलाई विद्यालयले समान व्यवहारका साथै पढाई लेखाईमा अभिरुचि पैदान गर्न सकेमा कक्षा छोड्ने विभिन्न जातजातिका वालवालिकाहरुको संख्या न्युन हुन गई विद्यालयमा नियमित रुपमा विद्यार्थीहरु उपस्थित हुन गई कक्षागत र विषयगत सिकाई उपलव्धिमा पनि बृद्धि हुन्छ ।

भौतिक व्यवस्थापनले जातिगत रुपमा पहाडे बाहुन र क्षेत्रीको भर्ना संख्या बढी हुनको मुख्य कारण उनीहरुमा पढाइप्रतिको चेतना राम्रो भएको कारणले हो भने त्यसैगरी थारु, तराई बाहुन, यादव, मण्डल र मुस्लिमको भर्ना सख्या पनि रहेको देखयो किनकी विद्यालय क्षेत्र वरिपरी उनीहरुको घनआवधि हुनका साथै चेतनामा विस्तारै बृद्धि हुदै जाँदा यी जातिको भर्ना संख्या पनि बढ्दै गइरहेको देखियो भने अन्य जातिहरु कम बसोवास भएका कारण कम भर्ना रहेको पाइयो ।

**तालिका नं. १२ भौतिक व्यवस्थापनले जातिगत रुपमा सिकाइ उपलव्धिमा पारेको प्रभाव २०७३**

| विद्यालयको नाम | जम्मा जातिगत विद्यार्थी भर्ना संख्या | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल भर्ना संख्या | बाहुन | क्षेत्री | राई | लिम्बु | गुरुङ | मगर | तामाङ | कामी | दमाई | सार्की | थारु | त.बाहुन | यादव | धोबी | तेली | मुस्लिम | मण्डल | डुम |
| श्री जनपथ मा वि,विराटनगर | ३०० | ४५ | ६० | ५ | १ | १ | २ | ३ | १ | २ | | १० | १५ | ५० | ६ | ९ | ३० | १० | ५० |
| श्री गोग्राहा मा. वि.,विराटनगर | ४०० | ११० | १०० | १ | १ | २ | १ | २ | १ | १ | १ | ८० | १० | ३० | ५ | ६ | १५ | ३० | ४ |
| श्री सत्यनारायण मा.वि विराटनगर | ३७५ | ७० | ६० | ३ | १ | | | १ | २ | २ | १ | ३० | २५ | ३० | १० | ४५ | ३५ | ५० | १० |
| श्री शिक्षा सदन मा.वि, विराटनगर | १८० | २ | ४ | | | | | | | | | २ | | १० | ३ | २४ | ८० | ३० | २५ |
| श्री आदर्श मा. वि.,विराटनगर | ४५० | ९० | ११० | ५ | ३ | | | २ | २ | | | ५० | ३० | ४५ | ५ | ४० | | ६५ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण: २०७४

माथिको तालिका नं १२ अनुसार २०७३ सालमा श्री जनपथ मा.वि.को विद्यार्थीको भर्ना सङ्ख्या जातिगत रुपमा हेर्दा सबैभन्दा बढि क्षेत्री,डुम, यादव र बाहुन रहेका छन् भने सबै भन्दा कम जातिगत रुपमा विद्यार्थी भर्ना संख्या लिम्बू,गुरुङ, कामी, मगर, र दमाई रहेको पाइयो ।

श्री गोग्राहा मा.वि. विराटनगरमा जातिगत रुपमा सबैभन्दा बढी विद्यार्थी भर्ना संख्या बाहुन र क्षेत्री रहेका छन् भने सबै भन्दा कम भर्ना संख्या राई,लिम्बू, मगर, कामी, दमाई,सार्की,गुरुङ र तामाङ्ग रहेको पाइयो । श्री सत्यनारायण मा.वि. विराटनगरमा जातिगत रुपमा सबैभन्दा बढी विद्यार्थी भर्ना संख्या बाहुन र क्षेत्रीको रहेको छ भने सबै भन्दा कम विद्यार्थी भर्ना संख्या लिम्बू, र तामाङ्ग रहेका छन् साथै गुरुङ र मगरको भर्ना संख्या शुन्य रहेको पाइयो । श्री शिक्षा सदन मा.वि. विराटनगरमा जातिगत रुपमा सबैभन्दा विद्यार्थी भर्ना संख्या मुस्लिम र मण्डलको रहेको छ भने राई,लिम्बू,गुरुङ, मगर, तामाङ्ग, कामी, दमाई र थारु रहेका छन् । र सबैभन्दा कम विद्यार्थी भर्ना संख्या बाहुन र तराई बाहुनको रहेको पाइयो । त्यसैगरी श्री आदर्श मा.वि. विराटनगरमा जातिगत रुपमा सबैभन्दा बढी विद्यार्थीको भर्ना संख्या क्षेत्री र बाहुन रहेको छ साथै सबैभन्दा कम विद्यार्थी भर्ना संख्या तामाङ्ग, कामी, लिम्बू, डुम लगायत रहेका छन् भने विद्यार्थी भर्ना संख्यामा गुरुङ,मगर,दमाई र मुस्लिमको न्युन रहेको छ ।

यसरी टेलर र फियलको व्यवस्थापन सिद्धान्त अनुसार पाँचैवटा विद्यालयमा भौतिक र शैक्षिक व्यवस्थापन सुदृढ गर्न सकेमा जातिगत विद्यार्थी भर्ना संख्यामा बृद्धि गर्न सकिन्छ । र कक्षा छोड्ने विद्यार्थीको संख्यामा न्युनिकरण हुन गई जातिगत विद्यार्थी उत्तिर्ण संख्या बढाउन सकिन्छ भन्ने कुराको विश्लेषण गर्न सकिन्छ ।

## ४.५ भौतिक व्यवस्थापनले उमेरगत सिकाई उपलव्धिमा पारेको प्रभाव २०७३

विद्यालयको भौतिक स्रोत साधने विद्यार्थीको भर्नामा अहम भूमिका खेल्दछ विद्यालयमा विभिन्न उमेरसमूहका वालवालिकाहरु अध्ययन गर्दछन्। त्यसका लागि विद्यार्थीको उमेरगत भौतिक साधनलाई पनि उचित व्यवस्थापन गर्नुपर्दछ । त्यसका लागि भौतिक पक्षले पढाई लेखाईमा विद्यार्थीहरुको रुचि र क्षमतामा अभिबृद्धि गर्नका साथै तहगत र कक्षागत सिकाइ उपलव्धीमा समेत बृद्धि हुन सक्दछ ।

**तालिका नं १३ उमेरगत विद्यार्थी भर्ना संख्या २०७३**

| विद्यालयको नाम | उमेरगत विद्यार्थी भर्ना संख्या | | जम्मा |
|---|---|---|---|
| | १२-१४ | १४ देखि माथि | |
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | १७० | १३० | ३०० |
| श्री गोग्राहा माध्यमिक विद्यालय, विराटनगर | २२१ | १९० | ४०० |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | १७५ | २०० | ३७५ |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ९० | ९० | १८० |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | २३० | २२० | ४५० |

स्रोत : स्थलगत सर्वेक्षण: २०७४

माथिको तालिका नं. १३ मा अनुसार श्री जनपथ मा.वि.विराटनगरको उमेरगत भर्ना अन्तर्गत १२-१४ बर्ष उमेर समूहका १७० विद्यार्थी र १४ देखि माथिका १३० जना विद्यार्थी भर्ना भएको पाइयो । श्री गोग्राहा मा.वि.विराटनगरको उमेरगत भर्ना अन्तर्गत १२-१४ बर्ष उमेर समूहका २१० विद्यार्थी र १४ देखि माथिका १९० जना विद्यार्थी भर्ना भएको पाइयो । श्री सत्यनारायण मा.वि.विराटनगरको उमेरगत भर्ना अन्तर्गत १२-१४ बर्ष उमेर समूहका १७५ विद्यार्थी र १४ देखि माथिका २०० जना विद्यार्थी भर्ना भएको पाइयो । श्री शिक्षा सदन मा.वि.विराटनगरको उमेरगत भर्ना अन्तगृत १२-१४ बर्ष उमेर समूहका ९० विद्यार्थी र १४ देखि माथिका ९० जना विद्यार्थी भर्ना भएको पाइयो । श्री आदर्श मा.वि.विराटनगरको उमेरगत भर्ना अन्तगृत १२-१४ बर्ष उमेर समूहका २३० विद्यार्थी र १४ देखि माथिका २२० जना विद्यार्थी भर्ना भएको पाइयो ।

विद्यालयको भौतिक स्रोत साधनले विद्यार्थीको नतिजामा पनि राम्रो प्रभाव पारेको देखियो । विद्यार्थीको उमेरगत भौतिक साधनलाई उचित

व्यवस्थापन गर्नाले विद्यार्थीको पढाई लेखाईमा रुचि र क्षमतामा अभिबृद्धि भई विद्यार्थीको उपलव्धीमा पनि राम्रो प्रभाव पारेको देखियो ।

### ४.६ **वार्षिक परीक्षा २०७३ को नतिजा:**

सिकाई उपलब्धि सम्बन्धि थप जानकारी प्राप्त गर्नका लागि यस अध्ययनमा परेका पाँचवटा विद्यालयको २०७३ सालको वार्षिक परीक्षाको नतिजाको विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका १४ वार्षिक परीक्षाको नतिजा: २०७३

| विद्यालयको नाम | कक्षा | भर्ना भएको कुल विद्यार्थी | परीक्षामा सहभागी विद्यार्थी | कक्षा छाड्नेविद्यार्थी संख्या | उर्त्तिण विद्यार्थी संख्या | उर्त्तिण प्रतिशत |
|---|---|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | ९ | ८० | ७५ | ५ | ७५ | १०० |
| | १० | ७५ | ७२ | ३ | ७२ | १०० |
| जम्मा | | १७५ | १४७ | ८ | १४७ | १०० |
| **श्री सत्यनारायण माध्यमिक विद्यालय, विराटनगर** | ९ | ९६ | ९३ | ३ | ९३ | १०० |
| | १० | ९३ | ९० | ३ | ९० | १०० |
| जम्मा | | १८९ | १८३ | ६ | १८३ | १०० |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | ९ | ९० | ८४ | ६ | ८४ | १०० |
| | १० | ८४ | ८१ | ३ | ८१ | १०० |
| जम्मा | | १७४ | १६५ | ९ | १६५ | १०० |
| **श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनग** | ९ | ५२ | ५० | २ | ५० | १०० |
| | १० | ५० | ४७ | ३ | ४७ | १०० |
| जम्मा | | १०२ | ९७ | ५ | ९७ | १०० |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटनगर | ९ | ११० | १०५ | ५ | १०५ | १०० |
| | १० | १०५ | ९९ | ६ | ९९ | १०० |
| जम्मा | | २१५ | २०४ | ११ | २०४ | १०० |

स्रोत:नतिजा पुस्तिका : २०७३

माथिको तालिका अनुसार जनपथ मा.वि. को कक्षा ९ र १० को कुल भर्ना सङ्ख्या १७५ कक्षा छाड्ने ८ जना र उर्त्तिण १४७ जना रहेको छ भने उर्त्तिण १०० प्रतिहत रहेको छ । सत्यनारायणमा.वि. को कक्षा ९ र १० को कुल भर्ना सङ्ख्या १८९ कक्षा छाड्ने ६ जना र उर्त्तिण १८३ जना रहेको छ भने उर्त्तिण १०० प्रतिहत रहेको छ । आर्दश मा.वि. को कक्षा ९ र १० को कुल भर्ना सङ्ख्या १७४ कक्षा छाड्ने ९ जना र उर्त्तिण १६५ जना रहेको छ भने उर्त्तिण १०० प्रतिहत रहेको छ ।शिक्षा सदन मा.वि. को कक्षा ९ र १० को कुल भर्ना सङ्ख्या १०२ कक्षा छाड्ने ५ जना र उर्त्तिण ९७ जना रहेको छ भने उर्त्तिण १०० प्रतिशत रहेको छ । गोग्राहा मा.वि. को कक्षा ९ र १० को कुल भर्ना सङ्ख्या २१५ कक्षा छाड्ने ११ जना र उर्त्तिण २०४ जना रहेको छ भने उर्त्तिण १०० प्रतिशत रहेको छ । टेलर र फेयोलको व्यवस्थापनको सिद्धान्त अनुसार भौतिक साधन तथा स्रोतको अभावले गर्दा परीक्षामा सहभागी सङ्ख्या धेरै देखिएको , कक्षा छोडने विद्यार्थी सङ्ख्या धेरै देखिएको र नतिजालाई प्रत्यक्ष प्रभाव पारेको विश्लेषण गर्न सकिन्छ ।

### ४.७ लिङ्गगत बार्षिक परीक्षा २०७३ को नतिजा

सिकाई उपलव्धि सम्वन्धी थव जानकारी प्राप्त गर्नका लागि यस अध्ययनमा परेका ५ वटा विद्यालयहरुको २०७३ सालको लिङ्गगत बार्षिक परीक्षाको नतिजाको विवरण तल प्रस्तुत गरिएको छ :

## तालिका नं १५

## लिङ्गगत बार्षिक परीक्षा २०७३

| विद्यालयको नाम | कक्षा | भर्ना भएको कूल विद्यार्थी संख्या | | परीक्षामा सहभागी विद्यार्थी संख्या | | कक्षा छोड्ने विद्यार्थी संख्या | | उत्तिर्ण विद्यार्थी संख्या | | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| श्री जनपथ माध्यामिक विद्यालय, विराटनगर | ९ | ३५ | ४५ | ३३ | ४२ | २ | ३ | ३३ | ४२ | १०० |
| | १० | ३३ | ४२ | ३२ | ४० | १ | २ | ३२ | ४० | |
| **जम्मा** | | **६८** | **८७** | **६६** | **८२** | **३** | **५** | **६५** | **८२** | |
| श्री गोग्राहा माध्यमिक विद्यालय, विराटनगर | ९ | ५० | ६० | ४८ | ५७ | २ | ३ | ४८ | ५७ | १०० |
| | १० | ४८ | ५७ | ४५ | ५४ | ३ | ३ | ४५ | ५४ | |
| **जम्मा** | | **९८** | **११७** | **९३** | **१११** | **५** | **६** | **९३** | **१११** | |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर | ९ | ४० | ५६ | ३९ | ५५ | १ | २ | ३९ | ५५ | १०० |
| | १० | ३९ | ५५ | ३७ | ५४ | २ | १ | ३७ | ५४ | |
| **जम्मा** | | **७९** | **१११** | **७६** | **१०९** | **३** | **३** | **७६** | **१०९** | |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनगर | ९ | ३० | २२ | ३० | २० | | २ | ३० | २० | १०० |
| | १० | ३० | २० | २९ | १८ | १ | २ | २९ | १८ | |
| **जम्मा** | | **६०** | **४२** | **५९** | **३८** | **१** | **४** | **५९** | **३९** | |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | ९ | ४५ | ४५ | ४२ | ४२ | ३ | ३ | ४२ | ४२ | १०० |
| | १० | ४२ | ४२ | ४० | ४१ | २ | १ | ४० | ४१ | |
| **जम्मा** | | **८७** | **४७** | **८२** | **८३** | **५** | **४** | **८२** | **८३** | |

स्रोत : नतिजा पुस्तिका २०७३

माथिको तालिका अनुसार श्री जनपथ मा.वि. विराटनगरको कक्षा ९ मा पुरुषको भर्ना संख्या ३५ र महिलाको ४५ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या २ र महिलाको संख्या ३, परीक्षामा सहभागी पुरुषको संख्या ३३ र महिलाको संख्या ३४ रहेको छ । यसैगरी कक्षा १० को पुरुषको भर्ना संख्या

र महिलाको संख्या ४२ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या १ र महिलाको संख्या २ रहेको छ, परीक्षामा सहभागी पुरुष विद्यार्थी संख्या ३२ र महिला संख्या ४० रहेको छ भने कक्षा ९ र १० दुवैमा पुरुष र महिलाको उत्तिर्ण सतप्रतिश रहेको छ।

श्री गोग्राहा मा.वि. विराटनगरको कक्षा ९ मा पुरुषको भर्ना संख्या ५० र महिलाको ६० रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या ३ र महिलाको संख्या ३, परीक्षामा सहभागी पुरुषको संख्या ४८ र महिलाको संख्या ५७ रहेको छ । यसैगरी कक्षा १० को पुरुषको भर्ना संख्या र महिलाको संख्या ४८ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या ३ र महिलाको संख्या ३ रहेको छ, परीक्षामा सहभागी पुरुष विद्यार्थी संख्या ४५ र महिला संख्या ५४ रहेको छ भने कक्षा ९ र १० दुवैमा पुरुष र महिलाको उत्तिर्ण सतप्रतिश रहेको छ।

श्री सत्यनारायण मा.वि. विराटनगरको कक्षा ९ मा पुरुषको भर्ना संख्या ४० र महिलाको ५६ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या १ र महिलाको संख्या २, परीक्षामा सहभागी पुरुषको संख्या ३९ र महिलाको संख्या ५५ रहेको छ । यसैगरी कक्षा १० को पुरुषको भर्ना संख्या र महिलाको संख्या ३९ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या २ र महिलाको संख्या १ रहेको छ, परीक्षामा सहभागी पुरुष विद्यार्थी संख्या ३७ र महिला संख्या ५४ रहेको छ भने कक्षा ९ र १० दुवैमा पुरुष र महिलाको उत्तिर्ण सतप्रतिश रहेको छ।

श्री शिक्षा सदन मा.वि. विराटनगरको कक्षा ९ मा पुरुषको भर्ना संख्या ३० र महिलाको २२ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या ० र महिलाको संख्या २, परीक्षामा सहभागी पुरुषको संख्या ३० र महिलाको संख्या २० रहेको छ । यसैगरी कक्षा १० को पुरुषको भर्ना संख्या र महिलाको संख्या ३० रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या १ र महिलाको संख्या २ रहेको छ, परीक्षामा सहभागी पुरुष विद्यार्थी संख्या २९ र महिला संख्या १८ रहेको छ भने कक्षा ९ र १० दुवैमा पुरुष र महिलाको उत्तिर्ण सतप्रतिश रहेको छ।

श्री आदर्श मा.वि. विराटनगरको कक्षा ९ मा पुरुषको भर्ना संख्या ४५ र महिलाको ४५ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या ३ र महिलाको

संख्या ३, परीक्षामा सहभागी पुरुषको संख्या ४२ र महिलाको संख्या ४२ रहेको छ । यसैगरी कक्षा १० को पुरुषको भर्ना संख्या र महिलाको संख्या ४२ रहेको छ, कक्षा छोड्ने पुरुषको संख्या २ र महिलाको संख्या १ रहेको छ, परीक्षामा सहभागी पुरुष विद्यार्थी संख्या ८२ र महिला संख्या ८३ रहेको छ भने कक्षा ९ र १० दुवैमा पुरुष र महिलाको उत्तिर्ण सतप्रतिश रहेको छ।

भौतिक र शैक्षिक व्यवस्थापनले विद्यार्थीको कक्षा छोड्ने संख्या न्युन रहेको पाइयो । यसरी भौतिक र शैक्षिक व्यवस्थापनले विद्यार्थीले परिक्षामा राम्रो उत्तिर्ण गर्नुका साथै विद्यार्थीको उत्तिर्ण दरमा समेत राम्रो प्रभाव पारेको देखियो ।

## ४.८ जातिगत रुपमा बार्षिक परीक्षाको नतिजा २०७३

सिकाई उपलव्धि सम्वन्धी थप जानकारी प्राप्त गर्नका लागि यस अध्ययनमा परेका पाँचवटा विद्यालयको २०७३ सालको जातिगत बार्षिक परीक्षाको नतिजा विवरण तल प्रस्तुत गरिएको छ ।

## तालिका नं.१६ जातिगत बार्षिक परिक्षाको नतिजा २०७३

| जातिगत विवरण | कक्षा | श्री जनपथ मा वि,विराटनगर | श्री आदर्श मा. वि.,विराटनगर | श्री सत्यनारायण मा.वि विराटनगर | श्री शिक्षा सदन मा.वि, विराटनगर | श्री गोग्राहा मा. वि.,विराटनगर | भर्ना संख्या | परीक्षामा सहभागी संख्या | कक्षा छोड्ने | उत्तिर्ण संख्या | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाहुन | ९ | १० | १० | १५ | | ३५ | ७० | ७० | | ७० | १०० |
| | १० | ५ | १५ | ११ | | ३० | ७१ | ६६ | ५ | ६६ | |
| क्षेत्री | ९ | २० | २० | ११ | १ | २१ | ७३ | ७१ | २ | ७१ | |
| | १० | ५ | २० | १३ | | | ५९ | ५६ | ३ | ५६ | |
| राई | ९ | २ | | | | | २ | १ | १ | १ | |
| | १० | १ | १ | १ | | | ३ | ३ | | ३ | |
| लिम्बू | ९ | १ | | | | | १ | १ | | १ | |
| | १० | | | | | | | | | | |
| गुरुङ | ९ | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १० | | | | | | | | | | |
| मगर | ९ | १ | | | | | १ | | १ | | |
| | १० | | | | | | | | | | |
| तामाङ्ग | ९ | | | | | | | | | | |
| | १० | १ | | | | | १ | १ | | १ | |
| कामी | ९ | १ | | | | | १ | | १ | | |
| | १० | १ | २ | १ | | | ४ | ३ | १ | ३ | |
| दमाई | ९ | | | | | | | | | | |
| | १० | १ | | | | | १ | १ | | १ | |
| सार्की | ९ | | | | | | | | | | |
| | १० | ३ | | | | | ३ | ३ | | ३ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| थारु | ९ | ३ | १० | ५ | | २७ | ४५ | ४१ | ४ | ४१ | |
| | १० | | ११ | ११ | | २८ | ५० | ४५ | ५ | ४५ | |
| तराई बाहुन | ९ | १ | १० | ५ | | ४ | १९ | १९ | | १९ | |
| | १० | ५ | १३ | १० | | ३ | ३१ | २९ | २ | २९ | |
| यादव | ९ | १२ | २० | ६ | ३ | ४ | ४५ | ४४ | १ | ४४ | |
| | १० | १० | १० | ९ | ४ | ४ | ३७ | ३७ | | ३७ | |
| धोवी साह | ९ | १ | | २ | १ | २ | ६ | ५ | १ | ५ | |
| | १० | ३ | १ | २ | १ | २ | ९ | ६ | ३ | ६ | |
| तेली | ९ | २ | १० | १८ | ५ | ३ | ३८ | ३२ | ६ | ३२ | |
| | १० | ५ | ८ | ९ | ५ | ३ | ३० | २८ | २ | २८ | |
| मुस्लिम | ९ | १५ | | १० | २५ | ५ | ५५ | ५३ | २ | ५३ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १० | १० | | १० | २३ | ५ | ४८ | ४८ | | ४८ | |
| मण्डल/धानुक | ९ | २ | १० | २२ | ८ | ८ | ५० | ४७ | ३ | ४७ | |
| | १० | ५ | ११ | १५ | ८ | | ३९ | ३९ | | ३९ | |
| डुम/मरिक | ९ | १० | | २ | ९ | १ | २२ | २० | २ | २० | |
| | १० | २० | | १ | ९ | ९ | ३९ | ३३ | ६ | ३३ | |

स्रोत : नतिजा पुस्तिका २०७३

माथिको तालिका नं १६ अनुसार २०७३ सालमा कक्षा १० मा विद्यार्थी भर्ना संख्या जातिगत रुपमा क्षेत्री र बाहुन बढी देखिन्छ, यसैगरी सबैभन्दा बढी उत्तिर्ण विद्यार्थी संख्या पनि क्षेत्री र बाहुनकै रहेको तालिकाबाट प्रष्ट हुन्छ । त्यसपछि जातिगत रुपमा दोस्रो स्थानमा भर्ना संख्या थारु, तेस्रोमा यादव र चौथोमा तेली (साह) रहेको छ । त्यसैगरी पाचैवटा विद्यालयमा राई,लिम्बू, गुरुङ, मगर, तामाङ्ग, कामी,दमाई,सार्की,धोवी लगायतका जातिहरुको भर्ना संख्या नगण्य मात्रामा रहेको पाइयो । यसरी कक्षा छोड्ने विद्यार्थीको संख्यामा सबैभन्दा बढी मुस्लिम जाति रहेको र कक्षामा सहभागीता सतप्रतिशत रहेको देखिन्छ । यसैगरी पाचैवटा विद्यालय मध्ये श्री शिक्षा सदन मा.वि.मा अध्य मा.वि.हरुको तुलनामा बाहुनको भर्ना संख्या सुन्य र क्षेत्रीको संख्या न्युन र मुस्लिमको संख्या सबैभन्दा बढी रहेको देखिन्छ । जातिगत रुपमा अन्य जाति भन्दा बाहुन र क्षेत्रीको उत्तिर्ण दर राम्रो रहेको देखियो । यसैगरी यादव, थारु र मण्डलको भर्ना र उत्तिर्ण पनि राम्रो रहेको पाइयो । अन्य जातिको भर्ना र उत्तिर्णमा कम सहभागीता रहेको पाइयो

### ४.२.२ विषयगत तथा कक्षागत सिकाइ उपलब्धिः

विषयगत र कक्षागत सिकाइ उपलब्धिको सम्बन्धमा जानकारी लिनका लागि पाँचैवटा विद्यालयको उपलब्धिस्तरको विवरण मुख्य विषयहरुको मात्र तलको तालिका नं १७ **विषयगत तथा कक्षागत सिकाइ उपलब्धि**

| विद्यालयको नाम | कक्षा | नेपाली | गणित | अङ्ग्रेजी | विज्ञान | सामाजिक | जनसङ्ख्या | कक्षागत औसत |
|---|---|---|---|---|---|---|---|---|
| श्री जनपथ माध्यामिक विद्यालय, विराटगर | ९ | ३५.४५ | ३२.३६ | ४३.७६ | ४४.२३ | ३१.७८ | ५३.५४ | ४०.१८ |
| | १० | ३५.४५ | ३१.३६ | ४०.७६ | ४१.२३ | ३१.७८ | ५१.५४ | ३८.६९ |
| श्री सत्यनारायण माध्यमिक विद्यालय , विराटनगर र | ९ | ३५.४५ | ३२.३६ | ४३.७६ | ४४.२३ | ३३.७३ | ५२.५० | ४०.१८ |
| | १० | ३५.४५ | ३३.३६ | ४०.७६ | ४१.२३ | ३१.७८ | ५४.५४ | ३८.६९ |
| श्री आदर्श माध्यमिक विद्यालय विराटनगर | ९ | ३५.४५ | ३२.३६ | ४३.७६ | ४४.२३ | ३५.७२ | ५३.५४ | ४०.१८ |
| | १० | ३५.४५ | ३१.३६ | ४०.७६ | ४१.२३ | ३१.७८ | ५१.५४ | ३८.६९ |
| श्री शिक्षा सदन माध्यमिक विद्यालय , विराटनग | ९ | ३३.४५ | ३३.३६ | ४०.७६ | ४१.२३ | ३२.७८ | ५५.५४ | ४०.१८ |
| | १० | ३५.४५ | ३३.३६ | ४४.७६ | ४५.२३ | ३६.७८ | ४९.५४ | ३८.६९ |
| श्री गोग्राह माध्यमिक विद्यालय, विराटगर | ९ | ३७.४५ | ३४.३६ | ४७.७६ | ४५.२३ | ३२.७८ | ५५.५४ | ४०.१८ |
| | १० | ३६.४५ | ३१.३६ | ४५.७६ | ४७.२३ | ३६.७८ | ५८.५४ | ३८.६९ |

स्थलगत सर्वेक्षण २०७४

माथिको तालिका अनुसार श्री जनपथ मावि विराटनगरको बिषयगत सिकाइ उपलब्धि सबैभन्दा बढी जनसङ्ख्या विषयमा ५३.५४ प्रतिशत र सबैभन्दा कम सामाजिक विषयमा ३१.७८ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैन्दा बढी जनसङ्ख्यामा ५१.५४ प्रतिशत र सबैभन्दा कम गणित विषयमा ३१.६६ प्रतिशत रहेको छ ।

श्री सत्यनारायण मावि विराटनगरको बिषयगत सिकाइ उपलब्धि सबैभन्दा बढी जनसङ्ख्या विषयमा ५३.५४ प्रतिशत र सबैभन्दा कम सामाजिक विषयमा ३२.३६ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैन्दा बढी जनसङ्ख्यामा ५१.५४ प्रतिशत र सबैभन्दा कम गणित विषयमा ३१.६६ प्रतिशत रहेको छ ।

माथिको तालिका अनुसार श्री आर्दश मावि विराटनगरको बिषयगत सिकाइ उपलब्धि सबैभन्दा बढी जनसङ्ख्या विषयमा ५३.५४ प्रतिशत र सबैभन्दा कम सामाजिक विषयमा ३१.७८ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैन्दा बढी जनसङ्ख्यामा ५१.५४ प्रतिशत र सबैभन्दा कम गणित विषयमा ३१.६६ प्रतिशत रहेको छ ।

माथिको तालिका अनुसार श्री शिक्षम सदन मावि विराटनगरको बिषयगत सिकाइ उपलब्धि सबैभन्दा बढी जनसङ्ख्या विषयमा ५३.५४ प्रतिशत र सबैभन्दा कम सामाजिक विषयमा ३१.७८ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैन्दा बढी जनसङ्ख्यामा ५१.५द्ध प्रतिशत र सबैभन्दा कम गणित विषयमा ३१.६६ प्रतिशत रहेको छ ।

माथिको तालिका अनुसार श्री गोग्राह मावि विराटनगरको बिषयगत सिकाइ उपलब्धि सबैभन्दा बढी जनसङ्ख्या विषयमा ५३.५४ प्रतिशत र सबैभन्दा कम सामाजिक विषयमा ३१.७८ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैन्दा बढी जनसङ्ख्यामा ५१.५४ प्रतिशत र सबैभन्दा कम गणित विषयमा ३१.६६ प्रतिशत रहेको छ ।

तालिका नं १८ **लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उपलव्धी**

| विद्यालयको नाम | कक्षा | नेपाली | | गणित | | अंग्रेजी | | विज्ञान | | सामाजिक | | जनसंख्या | | कक्षागत औषत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| श्री जनपथ मा.वि.,विराटनगर | ९ | ३०.१० | ४१.२० | ३५.१० | ३४.२० | ३५.११ | ३३.३० | ४१.५१ | ३३.१५ | ४८.४५ | ५०.४३ | ५१.३५ | ५३.११ | ४१.५९ | ५३.७९ |
| | १० | ३४.११ | ३८.५३ | ३१.५४ | ३५.३४ | ३७.५५ | ४३.५५ | ४२.३५ | ३७.५५ | ४४.३७ | ४५.११ | ५४.४८ | ५०.३७ | ५१.०७ | ४८.७१ |
| श्री गोग्राह मा.वि,विराटगर | ९ | ३७.७१ | ३६.०० | ३३.३५ | ३१.१३ | ३७.१४ | ३२.११ | ४५.३३ | ४०.५० | ५०.५० | ५४.४१ | ५८.८४ | ५२.५२ | ५७.१८ | ७०.५३ |
| | १० | ३२.०० | ३७.१५ | ३७.१५ | ३९.९१ | ३३.१३ | ५०.३५ | ४१.३६ | ४१.५० | ५७.३० | ४९.४६ | ५३.०० | ३१.५७ | ५३.०८ | ५९.८५ |
| श्री शिक्षा सदन मा.वि,विराटनगर | ९ | ३६.५३ | ३९.१० | ३१.३१ | ३३.१६ | ३४.५५ | ३२.१९ | ३६.४५ | ३९.३९ | ४९.६६ | ५१.४९ | ५४.९७ | ४९.६४ | ३६.९६ | २५.३९ |
| | १० | ३७.५९ | ३३.१५ | ३२.०० | ४५.०० | ३२.१३ | २६.१८ | ३१.०० | ३३.१० | ५०.०० | ५३.५३ | ५६.६३ | ५३.४४ | ३६.७६ | ३१.४१ |
| श्री आदर्श मा.वि.विराटनगर | ९ | ४४.४४ | ४९.५३ | ४९.११ | ५२.१० | ३६.५३ | ३७.४४ | ३४.४१ | ३६.५३ | ५९.७१ | ६२.६१ | ५७.७४ | ६१.६१ | ४५.७५ | ४३.०२ |
| | १० | ४९.१० | ५४.१३ | ५५.५१ | ५६.१६ | ३२.३२ | ३२.३० | ३३.३२ | ३७.२१ | ५६.३० | ५०.४४ | ५९.९० | ५९.९३ | ४४.२८ | ४२.७३ |
| श्री सत्यनारायण मा.वि.विराटनगर | ९ | ४०.१३ | ३६.६६ | ३९.१९ | ३३.४५ | ३३.५१ | ३८.३८ | ३६.६२ | ३२.३१ | ५१.२१ | ५६.३० | ५१.१० | ६०.१० | ६८.७१ | ६६.४९ |
| | १० | ५०.५२ | ५५.३३ | ४३.४३ | ४०.१३ | ३६.५० | ३५.२२ | ३३.४९ | ३५.४५ | ४७.५५ | ५३.१६ | ५८.३३ | ६०.६३ | ५२.२० | ५८.९४ |

स्रोत : स्थलगत सर्वेक्षण -२०७४

माथिको तालिका नं. १८ अनुसार श्री जनपथ मा.वि. विराटनगरको लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उवलव्धी कक्षा ९ मा सबैभन्दा बडी छात्राको ५५.११ प्रतिशत र सबैभन्दा कम विज्ञान विषयमा छात्राको ३३.१५ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैभन्दा बढी सामाजिक विषयमा छात्राको ५५.४८ प्रतिशत र सबै भन्दा कम गणित विषयमा छात्रको ३१.५५ प्रतिशत रहेको छ । साथै कक्षागत औषत कक्षा ९ को छात्रको ४१.५९ प्रतिशत र छात्राको ५३.७९ छ भने कक्षा १० मा छात्रको ५१.०७प्रतिशत र छात्राको ४८.७१ प्रतिशत रहेको छ ।

श्री गोग्राहा मा.वि. विराटनगरको लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उवलव्धी कक्षा ९ मा सबैभन्दा बढी सामाजिक विषयमा छात्रको ५८.८४ प्रतिशत र सबैभन्दा कम गणित विषयमा छात्रको ३१.५४ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैभन्दा बढी जनसंख्या विषयमा छात्राको ५७.३१ प्रतिशत र सबै भन्दा कम नेपाली विषयमा छात्राको ३२.०० प्रतिशत रहेको छ । साथै कक्षागत औषत कक्षा ९ को छात्रको ५७.१८ प्रतिशत र छात्राको ७०.५३ प्रतिशत छ भने कक्षा १० मा छात्रको ५३.०८ प्रतिशत र छात्राको ५९.८५ प्रतिशत रहेको छ ।

श्री शिक्षा सदन मा.वि. विराटनगरको लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उवलव्धी कक्षा ९ मा सबैभन्दा बढी सामाजिक विषयमा छात्रको ५४.९७ प्रतिशत र सबैभन्दा कम गणित विषयमा छात्रको ३१.१३ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैभन्दा बढी विज्ञान विषयमा छात्रको ५६.६३ प्रतिशत र सबै भन्दा कम विज्ञान विषयमा छात्रको ३१.०० प्रतिशत रहेको छ । साथै कक्षागत औषत कक्षा ९ को छात्राको ३६.९६ प्रतिशत र छात्रको २५.३९ प्रतिशत छ भने कक्षा १० मा छात्रको ३६.७६ प्रतिशत र छात्राको ३३.४१ प्रतिशत रहेको छ ।

श्री आदर्श मा.वि. विराटनगरको लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उवलव्धी कक्षा ९ मा सबैभन्दा बढी सामाजिक विषयमा छात्राको ६२.६१ प्रतिशत र सबैभन्दा कम विज्ञान विषयमा छात्रको ३२.३० प्रतिशत रहेको छ भने कक्षा १० मा सबैभन्दा बढी जनसंख्या विषयमा छात्राको ५९.९३ प्रतिशत र सबै भन्दा कम अंग्रेजी विषयमा छात्राको ३२.३० प्रतिशत रहेको छ । साथै कक्षागत औषत कक्षा ९ को छात्रको ४५.७५ प्रतिशत र छात्राको ४३.०२ प्रतिशत छ भने कक्षा १० मा छात्रको ४४.२८ प्रतिशत र छात्राको ४२.७३ प्रतिशत रहेको छ ।

श्री सत्यनारायण मा.वि. विराटनगरको लिङ्गगत रुपमा विषयगत तथा कक्षागत सिकाई उवलव्धी कक्षा ९ मा सबैभन्दा बढी जनसंख्या विषयमा छात्राको ६०.१० प्रतिशत र सबैभन्दा कम विज्ञान विषयमा छात्राको ३२.३१ प्रतिशत रहेको छ भने कक्षा १० मा सबैभन्दा बढी जनसंख्या विषयमा छात्राको ६०.६३ प्रतिशत र सबै भन्दा कम विज्ञान विषयमा छात्रको ३३.४९ प्रतिशत रहेको छ । साथै कक्षागत औषत कक्षा ९ को छात्रको ६८.७१ प्रतिशत र छात्राको ६६.४९ प्रतिशत छ भने कक्षा १० मा छात्रको ५१.२० प्रतिशत र छात्राको ५८.९४ प्रतिशत रहेको छ ।

श्री जनपथ मा.वि. विराटनगर

तालिका नं १९ **जातिगत र कक्षागत सिकाई उपलव्धी**

| जातिगत विवरण | कक्षा | नेपाली | गणित | अंग्रेजी | विज्ञान | सामाजिक | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| बाहुन | ९ | ४१.८४ | ३९.३४ | ४४.४४ | ३४.३८ | ५४.३३ | ५९.९४ |
| | १० | ३८.०० | ४७.३५ | ३७.५५ | ३४.३९ | ५८.७७ | ५५.५३ |
| क्षेत्री | ९ | ३७.५९ | ३६.३४ | ३७.७७ | ३८.३४ | ५६.७४ | ५२.१० |
| | १० | ४०.४३ | ३९.३३ | ४५.३० | ४३.५० | ५८.०० | ५३.८९ |
| राई | ९ | ३५.३९ | ३२.२३ | ३१.०० | ३१.३१ | ५७.१० | ५४.०० |
| | १० | ३७.४४ | ३७.१५ | ३१.५६ | ३१.१० | ४९.२३ | ५३.४७ |
| लिम्बु | ९ | ३२.६२ | ३१.२२ | ३१.६६ | ३२.४२ | ५१.५१ | ५०.८४ |
| | १० | ३३.१४ | ३४.३४ | ३४.२० | ३४.३४ | ४५.४९ | ४७.५७ |
| गुरुङ | ९ | ३२.२४ | ३१.३० | ३१.०० | ३२.४५ | ४६.६१ | ५८.२१ |
| | १० | ३४.१५ | ३५.३१ | ३०.०० | ३०.३१ | ५०.२२ | ५३.६६ |
| मगर | ९ | ३२.१४ | ३३.३२ | ३२.३९ | ३३.७८ | ४८.९९ | ४७.९९ |
| | १० | ३३.३० | ३४.१० | ३१.१४ | ३१.९४ | ४७.३५ | ५५.५० |
| तामाङ्ग | ९ | ३५.१० | ३१.३० | ३३.५६ | ३२.३२ | ५३.३३ | ४८.८४ |
| | १० | ३४.३१ | ३२.११ | ३५.१५ | ३४.३१ | ५४.६३ | ४९.४९ |
| कामी | ९ | ३२.०० | ३३.४४ | ३०.१९ | ३०.०० | ५५.६४ | ५१.१३ |
| | १० | ३६.७७ | ३४.४५ | ३६.०० | ३३.८४ | ५२.१३ | ५४.४३ |
| दमाई | ९ | ३७.२१ | ३१.३४ | ४४.४१ | ३२.११ | ५३.५९ | ५५.१० |
| | १० | ३६.३८ | ३२.४३ | ३५.३५ | ३१.३१ | ४९.४९ | ४६.५३ |
| सार्की | ९ | - | - | - | - | - | - |
| | १० | - | - | - | - | - | - |
| थारु | ९ | ३३.३४ | ३३.४६ | ३१.३६ | ३३.३३ | ४९.१६ | ४९.४९ |
| | १० | ३२.६६ | ३६.५४ | ३४.१६ | ३५.२९ | ५६.६६ | ५२.२१ |
| तराई बाहुन | ९ | ३२.१० | ४९.४१ | ३३.३३ | ३९.९१ | ३७.४४ | ५३.२१ |
| | १० | ३६.५४ | ५३.४३ | ३६.५१ | ४४.३४ | ३६.५४ | ५१.३१ |
| यादव | ९ | ३३.४३ | ५२.३२ | ३५.३१ | ५३.०० | ३४.२१ | ५२.२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १० | ३६.१५ | ५६.६२ | ३७.५१ | ५२.१४ | ३२.३१ | ३७.७४ |
| धोवी | ९ | ३२.३२ | ३४.४४ | ३२.१० | ३४.४२ | ३२.९० | ३४.५७ |
| | १० | ३३.३१ | ३६.६६ | ३०.३० | ३६.२० | ३३.५६ | ३६.३४ |
| तेली ( | ९ | ३२.३२ | ३५.३५ | ३२.३४ | ३४.४७ | ३४.३२ | ४१.४६ |
| साह) | १० | ३४.३१ | ३६.६५ | ३१.३४ | ३७.५४ | ३५.७२ | ३७.७४ |
| मुस्लिम | ९ | ३४.१४ | ३३.१६ | ३६.४० | ३४.८१ | ३८.९४ | ३६.३६ |
| | १० | ३४.५४ | ३८.१० | ३०.५४ | ३२.९० | ३५.७५ | ३४.४४ |
| मण्डल( | ९ | ३३.४५ | ३६.०० | ३१.५४ | ४९.७३ | ४२.४२ | ५२.२२ |
| धानुक) | १० | ३६.७४ | ४९.४९ | ३६.३१ | ५३.१० | ४१.६५ | ५०.३४ |
| डुम ( | ९ | ३२.४५ | ३२.११ | ३०.३३ | ३१.०० | ३४.४१ | ३३.३४ |
| मरिक) | १० | ३२.३४ | ३६.६४ | ३४.२१ | ३३.३१ | ३५.६७ | ३४.२१ |

स्रोत : स्थलगत सर्वेक्षण -२०७४

